# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६२) काठमाडौं, फागुन ३० गते, २०६९ साल (संख्या ५४

## भाग ३

### नेपाल सरकार

### वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

### पेट्रोलियम तथा ग्यास कारोबार (नियमन) आदेश, २०६९

आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ को दफा ३ र ८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो आदेश जारी गरेको छ ।

परिच्छेद - १

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो आदेशको नाम "पेट्रोलियम तथा ग्यास कारोबार (नियमन) आदेश, २०६९" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "अनुमतिपत्र" भन्नाले पेट्रोलियम कारोबार वा ग्यास कारोबार गर्न दफा ६ तथा १२ बमोजिम दिइएको अनुमति पत्र सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११०४

(ख) "अनुमतिपत्र प्राप्त कम्पनी" भन्नाले पेट्रोलियम कारोबार वा ग्यास कारोबार गर्न अनुमतिपत्र प्राप्त कम्पनी सम्झनु पर्छ ।

(ग) "ऐन" भन्नाले आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ सम्झनु पर्छ ।

(घ) "कच्चा तेल" भन्नाले वाष्पिकरण प्रकृयाद्वारा प्रशोधन गर्न बाँकी रहेको तरल पेट्रोलियम तेल सम्झनु पर्छ ।

(ङ) "ग्यास" भन्नाले तरल पेट्रोलियम ग्यास (एल.पि.जि.), तरलीकृत प्राकृतिक ग्यास (एल.एन.जी.) तथा खाँदिएको प्राकृतिक ग्यास (सि.एन.जी) सम्झनु पर्छ र सो शब्दले मिथेन, इथेन, प्रोपेन र ब्यूटेन ग्यास समेतलाई जनाउँछ ।

(च) "ग्यास कारोबार" भन्नाले नेपालभित्र ग्यासको पैठारी, ढुवानी, सञ्चय तथा थोक बिक्री वितरण गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले सिलिण्डरमा ग्यास रिफिलिङ तथा बोटलिङ गर्ने कार्य समेतलाई जनाउँछ ।

तर सो शब्दले डिपो, डिलर वा बिक्रेताले गर्ने ग्यासको खुद्रा बिक्री वितरणलाई जनाउने छैन ।

(छ) "डिपो" भन्नाले पेट्रोलियम पदार्थ वा ग्यासको खुद्रा बिक्री वितरण गर्न अनुमतिपत्र प्राप्त कम्पनीले खोलेको डिपो सम्झनु पर्छ ।

(ज) "डिलर वा बिक्रेता" भन्नाले पेट्रोलियम पदार्थ वा ग्यासको खुद्रा बिक्री वितरण गर्न अनुमतिपत्र प्राप्त कम्पनीले नियुक्त गरेको डिलर वा बिक्रेता सम्झनु पर्छ ।

(झ) "थोक बिक्री" भन्नाले पेट्रोलियम पदार्थको हकमा न्यूनतम तीनहजार लिटर तथा ग्यासको हकमा न्यूनतम एक टन परिमाणको पेट्रोलियम पदार्थ वा ग्यासको बिक्री वितरण सम्झनु पर्छ ।

(ञ) "पेट्रोलियम कारोबार" भन्नाले नेपालभित्र पेट्रोलियम पदार्थको पैठारी, ढुवानी, सञ्चय तथा थोक बिक्री वितरण गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले कच्चा तेलको प्रशोधन (रीफाइन) गर्ने कार्य समेतलाई जनाउँछ ।

तर सो शब्दले डिपो, डिलर वा बिक्रेताले गर्ने पेट्रोलियम पदार्थको खुद्रा बिक्री वितरणलाई जनाउने छैन ।

(ट) "समिति" भन्नाले दफा ३५ बमोजिमको व्यवस्थापन तथा नियमन समिति सम्झनुपर्छ ।



११०५ अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ठ) "पेट्रोलियम पदार्थ" भन्नाले मट्टीतेल, पेट्रोल, डिजेल, हवाई इन्धन वा अन्य लुब्रिकैण्ट सम्झनु पर्छ र सो शब्दले कच्चा तेल तथा मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अन्य पेट्रोलियम पदार्थलाई समेत जनाउँछ।

(ड) "मन्त्रालय" भन्नाले वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्झनु पर्छ।

(ढ) "विभाग" भन्नाले वाणिज्य तथा आपर्ति व्यवस्थापन विभाग सम्झनु पर्छ।

परिच्छेद - २

## पेट्रोलियम कारोबार तथा ग्यासको कारोबारको अनुमति सम्बन्धी व्यवस्था

३. **पेट्रोलियम कारोबार वा ग्यास कारोबारको नियमन गर्ने** : (१) यो आदेश बमोजिम पेट्रोलियम कारोबार वा ग्यास कारोबारको नियमन विभागले गर्नेछ।

(२) उपदफा (१) बमोजिम नियमन गर्दा समय समयमा समितिबाट भएको निर्देशनको पालना गर्नु विभागको कर्तव्य हुनेछ।

४. **अनुमति नलिई पेट्रोलियम कारोबार गर्न नहुने** : (१) यो आदेश प्रारम्भ भए पछि कसैले पनि अनुमतिपत्र नलिई पेट्रोलियम कारोबार गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो आदेश प्रारम्भ हुँदाका बखत पेट्रोलियम कारोबार गरिरहेको कम्पनीले यो आदेश प्रारम्भ भएको मितिले एक वर्षसम्म पेट्रोलियम कारोबार गर्न वा गराउन सक्नेछ र त्यस्तो कम्पनीले यो आदेश प्रारम्भ भएको मितिले एक वर्षभित्र अनुमतिपत्र लिइसक्नु पर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि हवाई इन्धनको कारोबार नेपाल आयल निगमले गर्नेछ।

५. **पेट्रोलियम कारोबार गर्न अनुमति लिनु पर्ने** : (१) नेपालभित्र पेट्रोलियम पदार्थको पैठारी, ढुवानी, सञ्चय तथा थोक बिक्री सम्बन्धी पेट्रोलियम कारोबार गर्न चाहने वा कच्चा तेल प्रशोधन (रीफाइन) गर्न चाहने कम्पनीले विभागबाट अनुमतिपत्र लिनु पर्नेछ। यस्तो अनुमति दिँदा समितिको स्वीकृतिमा विभागले उपलब्ध गराउनेछ।

(२) नेपालभित्र पेट्रोलियम पदार्थको पैठारी, ढुवानी, सञ्चय तथा थोक बिक्री गर्न चाहने कम्पनीले अनुमतिपत्रको लागि एकलाख रुपैयाँ



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ। ११०८

निवेदन दस्तुर सहित देहाय बमोजिमको कागजात संलग्न गरी अनुसूची - १ बमोजिमको ढाँचामा विभाग समक्ष निवेदन दिनु पर्नेछ :-

(क) प्रचलित कानून बमोजिम कम्पनी संस्थापना भएको प्रमाण पत्र, प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि,

(ख) संयुक्त उपक्रममा कम्पनी संस्थापना भएको भए सो सम्बन्धी सम्झौताको प्रतिलिपि,

(ग) आफूले कारोबार गर्न चाहेको पेट्रोलियम पदार्थको पैठारी, ढुवानी, सञ्चय तथा थोक विक्री वितरण सम्बन्धी विवरण, वार्षिक परिमाण तथा अन्य विवरण,

(घ) नेपालमा पेट्रोलियम पदार्थ पैठारी गर्ने नाका, ढुवानी गर्ने साधन तथा रुट,

(ङ) आफूले पेट्रोलियम कारोबार गर्न चाहेको क्षेत्र,

(च) कर दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(छ) पेट्रोलियम कारोबार गर्न यो आदेश, प्रचलित कानून, समिति तथा विभागले दिएको आदेश तथा निर्देशन पालना गर्ने कबुलियतनामा ।

(३) कच्चा तेल प्रशोधन (रीफाइन) गर्ने उद्योग सञ्चालन गर्न चाहने कम्पनीले कच्चा तेल प्रशोधन (रीफाइन) सम्बन्धी उद्योग स्थापना गर्ने अनुमतिको लागि पाँचलाख रुपैयाँ निवेदन दस्तुर सहित देहाय बमोजिमको कागजात संलग्न गरी अनुसूची - १ बमोजिमको ढाँचामा विभाग समक्ष निवेदन दिनु पर्नेछ :-

(क) प्रचलित कानून बमोजिम कम्पनी संस्थापना भएको प्रमाण पत्र, प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि,

(ख) संयुक्त उपक्रममा कम्पनी संस्थापना भएको भए सो सम्बन्धी सम्झौताको प्रतिलिपि,

(ग) प्रशोधन (रीफाइन) गर्न चाहेको पेट्रोलियम पदार्थ तथा प्रशोधन (रीफाइन) क्षमता,

(घ) उद्योग विभागमा उद्योग दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि,



११० अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

(ङ) प्रचलित कानून बमोजिम वातारणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भीक वातावरण परीक्षण गरिएको कागजात,

(च) कर दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(छ) उद्योग स्थापना स्थलको चार किल्ला स्पष्ट खुलको लोकेशनै प्लान र कित्ता नम्बर तथा क्षेत्रफल खुलेको सम्बन्धित नापी कार्यालयबाट प्रमाणित नक्सा,

(ज) उद्योग स्थापना भएको जग्गा उद्योग वा अनुमतिपत्र प्राप्त कम्पनीको नाममा भए सोको प्रमाण तथा लिजमा लिइएको भए कम्तीमा दश वर्षको करार सम्झौताको प्रतिलिपि,

(झ) कच्चा तेल प्रशोधन (रीफाइन) उद्योग संचालन गर्न यो आदेश, प्रचलित कानून मन्त्रालयले जारी गरेको निर्देशिका, समिति तथा विभागले दिएको आदेश तथा निर्देशन पालना गर्ने कबुलियतनामा।

६. <u>पेट्रोलियम कारोबार गर्न अनुमतिपत्र दिने</u> : (१) दफा ५ बमोजिम निवेदन प्राप्त भएमा सो सम्बन्धमा जाँचबुझ गर्दा निवेदकलाई नेपालभित्र पेट्रोलियम पदार्थको पैठारी, ढुवानी, सञ्चय तथा थोक विक्री सम्बन्धी पेट्रोलियम कारोबार गर्न वा कच्चा तेल प्रशोधन (रीफाइन) गर्न दिनु उपयुक्त हुने देखिएमा सोही दफाको उपदफा (२) बमोजिम निवेदन दिने निवेदकलाई पाँचलाख रुपैयाँ र उपदफा (३) बमोजिम निवेदन दिने निवेदकलाई दशलाख रुपैयाँ दस्तुर लिई नब्बे दिनभित्र विभागले समितिको निर्देशनमा पेट्रोलियम कारोबार गर्ने अनुमतिपत्र दिनेछ।

(२) विभागले निवेदकलाई उपदफा (१) बमोजिम अनुमतिपत्र दिँदा आवश्यक शर्त तोकिदिन सक्नेछ।

(३) उपदफा (१) बमोजिम निवेदकलाई अनुमतिपत्र दिँदा निवेदकले के कस्तो पेट्रोलियम कारोबार गर्न पाउने हो सो कुरा खुलाई विभागले अनुसूची - २ बमोजिमको ढाँचामा अनुमति पत्र दिनेछ।

(४) पेट्रोलियम कारोबार गर्न अनुमतिपत्रको लागि विभागमा प्राप्त निवेदनका सम्बन्धमा जाँचबुझ गर्दा निवेदकलाई अनुमतिपत्र दिनु उपयुक्त हुने नदेखिएमा विभागले कारण खुलाई उपदफा (१) बमोजिमको अवधिभित्र निवेदकलाई लिखित जानकारी दिनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ। ११०९

(५) पेट्रोलियम कारोबार वा कच्चा तेल प्रशोधन गर्न चाहने कम्पनीले उपदफा (१) बमोजिम अनुमतिपत्र दिँदा दफा ३७ बमोजिम चुक्ता पूँजी कायम गरेको निस्सा तथा पाँच वर्षको पेट्रोलियम कारोबार सम्बन्धी व्यावसायिक योजना (बिजनेश प्लान) समेत संलग्न गर्नु पर्नेछ।

७. **अनुमतिपत्रको अवधि र नविकरण** : (१) पेट्रोलियम कारोबार सम्बन्धी अनुमतिपत्रको अवधि पाँच वर्षको हुनेछ।

तर, परिच्छेद-४ बमोजिमको पूर्वाधार तथा मापदण्ड निर्धारीत समयभित्र पुरा नगर्ने कम्पनीको अनुमतिपत्र खारेज गरिनेछ।

(२) अनुमतिपत्रको अवधि थप गर्न चाहने कम्पनीले उपदफा (१) बमोजिमको अवधि समाप्त हुनुभन्दा कम्तीमा पैंतीस दिन अगावै नविकरणको लागि विभाग समक्ष निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदनका सम्बन्धमा जाँचबुझ गर्दा अनुमतिपत्र नविकरण गर्नु उपयुक्त हुने देखिएमा विभागले दफा ६ को उपदफा (१) बमोजिमको रकम दस्तुर लिई अनुमतिपत्र पाँच वर्षको लागि नविकरण गरिदिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम जाँचबुझ गर्दा अनुमति पत्रको म्याद थप गर्न नसकिने देखिएमा विभागले सोको कारण सहितको जानकारी निवेदकलाई दिनु पर्नेछ।

८. **पेट्रोलियम कारोबार प्रारम्भ गर्न स्वीकृति लिनु पर्ने** : (१) पेट्रोलियम कारोबार गर्न अनुमतिपत्र प्राप्त कम्पनीले अनुमतिपत्र बमोजिमको पेट्रोलियम कारोबार प्रारम्भ गर्नु अघि विभागबाट स्वीकृति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेट्रोलियम कारोबार प्रारम्भ गर्न स्वीकृति लिन अनुमतिपत्र प्राप्त कम्पनीले परिच्छेद - ४ बमोजिमको पूर्वाधार तथा मापदण्ड पूरा गरेको निस्सा सहित अनुसूची - ३ बमोजिमको ढाँचामा विभाग समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा विभागले प्राविधिक खटाई निवेदकले पूर्वाधार तथा मापदण्ड पूरा गरे वा नगरेको सम्बन्धमा स्थलगत निरीक्षण गराउनेछ।

(४) उपदफा (३) बमोजिम स्थलगत निरीक्षण गर्दा निवेदकले परिच्छेद - ४ बमोजिमको पूर्वाधार तथा मापदण्ड पूरा गरेको देखिएमा विभागले निवेदकलाई देहायको पेट्रोलियम कारोबारको लागि देहाय



११०५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिमको रकम विभागको नाममा जम्मा गर्न सात दिनको म्याद दिनेछ :-

(क) नेपालभित्र पेट्रोलियम पदार्थको पैठारी, ढुवानी, सञ्चय तथा थोक विक्री गर्ने कम्पनीको लागि पचास लाख रुपैयाँ, र

(ख) कच्चा तेल प्रशोधन गर्ने उद्योग (रीफाइनरी) सञ्चालन गर्ने उद्योगको लागि एक करोड रुपैयाँ ।

(५) उपदफा (४) बमोजिमको रकम निवेदकले विभागको नाममा जम्मा गरेमा र निवेदकले दफा ९ बमोजिमको शर्त पालना गर्ने कबुलियतनामा पेश गरेमा सात दिनभित्र विभागले निवेदकलाई आवश्यक भए शर्त समेत तोकी पेट्रोलियम पदार्थको पैठारी, ढुवानी, सञ्चय, थोक विक्री वा कच्चा तेल प्रशोधन गर्ने उद्योग (रीफाइनरी) सञ्चालन गर्ने सम्बन्धी पेट्रोलियम कारोबार प्रारम्भ गर्ने अनुसूची - ४ बमोजिमको ढाँचामा स्वीकृति दिनेछ । यसरी दिएको स्वीकृतिको जानकारी समितिलाई दिनु पर्नेछ ।

(६) निवेदकलाई कुनै कारणले उपदफा (५) बमोजिम कारोबार प्रारम्भ गर्न स्वीकृति दिन नसकिने भएमा विभागले सोको कारण सहितको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

९. <u>पेट्रोलियम कारोबार गर्नेले पालना गर्नु पर्ने शर्तहरु</u> : (१) नेपालभित्र पेट्रोलियम पदार्थको पैठारी, ढुवानी सञ्चय तथा थोक विक्री सम्बन्धी पेट्रोलियम कारोबार गर्ने अनुमतिपत्र प्राप्त कम्पनीले पेट्रोलियम कारोबार गर्दा देहायका शर्तहरु पालन गर्नु पर्नेछ :-

(क) सम्बन्धित उत्पादक वा बिक्रेताबाट नेपाल गुणस्तर तथा नाप तौल विभागले तोकेको गुणस्तर अनुरुपको पेट्रोलियम पदार्थ भएको प्रमाणित गर्ने निस्सा लिएर पेट्रोलियम पदार्थको पैठारी, ढुवानी, सञ्चय वा थोक बिक्री गर्ने,

(ख) नेपाल गुणस्तर तथा नापतौल विभागबाट सम्बन्धित नाकामै परीक्षण गराई स्वीकृत भएको पेट्रोलियम पदार्थ मात्र नेपाल पैठारी गर्ने,

(ग) पेट्रोलियम पदार्थ ढुवानी गर्ने अनुमतिपत्र प्राप्त कम्पनीले पेट्रोलियम पदार्थ ढुवानी गर्दा ढुवानी गर्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ। ११०१८

साधनमा खण्ड (क) तथा (ख) बमोजिमको निस्सा राख्नु पर्ने,

(घ) पेट्रोलियम पदार्थको सञ्चय तथा बिक्री वितरण गर्दा अर्को अनुमतिपत्र प्राप्त कम्पनीसँगको पेट्रोलियम पदार्थसँग मिसाएर गर्न नपाउने,

(ङ) आफूले कारोबार गर्ने पेट्रोलियम पदार्थ, त्यस्तो पेट्रोलियम पदार्थ ढुवानी गर्ने साधन तथा त्यसको सञ्चय भण्डारको बीमा गर्नु पर्ने,

(च) अनुमतिपत्र प्राप्त कम्पनीसँग मात्र पेट्रोलियम पदार्थको ढुवानी गराउने,

(छ) पेट्रोलियम कारोबार सम्बन्धी कार्यमा संलग्न कर्मचारी तथा मजदूरको बीमा गर्नु पर्ने,

(ज) सुरक्षित रुपमा पेट्रोलियम कारोबार गर्न समुचित सुरक्षा प्रबन्ध गर्नु पर्ने,

(झ) पेट्रोलियम पदार्थको ढुवानी गर्ने अनुमतिपत्र प्राप्त कम्पनीले अनुमतिपत्र प्राप्त कम्पनी वा सोसँग सम्बन्धित पेट्रोलियम पदार्थ मात्र ढुवानी गर्ने,

(ञ) उपभोक्तालाई पेट्रोलियम पदार्थको गुणस्तर सम्बन्धी जानकारी डिपो वा डिलर तथा खुद्रा बिक्री स्थलमा उपलब्ध गराउने आवश्यक व्यवस्था मिलाउने,

(ट) पेट्रोलियम पदार्थको गुणस्तरीयता, पेट्रोलियम कारोबारमा संलग्न कामदारको सुरक्षा तथा उपभोक्तालाई सर्वसुलभ रुपमा गुणस्तरीय पेट्रोलियम पदार्थ उपलब्ध गराउने सम्बन्धमा विभागले तोकिदिएका अन्य शर्तहरु पालन गर्ने ।

(२) कच्चा तेल प्रशोधन गर्ने (रीफाइनरी) उद्योग सञ्चालन गर्ने अनुमतिपत्र प्राप्त कम्पनीले कच्चा तेल प्रशोधन गर्ने (रीफाइनरी) उद्योग सञ्चालन गर्दा देहायका शर्तहरु पालन गर्नु पर्नेछ :-

(क) कच्चा तेल प्रशोधन गरी नेपाल गुणस्तर तथा नापतौल विभागले तोकेको गुणस्तर अनुरुपको पेट्रोलियम पदार्थ उत्पादन गर्ने,



१११९
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) आफूले उत्पादन गरेको पेट्रोलियम पदार्थको सञ्चय तथा थोक बिक्री वितरण गर्दा अन्य अनुमतिपत्र प्राप्त कम्पनीको पेट्रोलियम पदार्थसँग मिसाएर गर्न नपाउने,

(ग) कच्चा तेल प्रशोधन गर्ने (रीफाइनरी) उद्योग, आफूले प्रयोग गर्ने कच्चा तेल, आफूले उत्पादन गरेको पेट्रोलियम पदार्थ तथा सोको सञ्चय भण्डारको बीमा गर्नु पर्ने,

(घ) आफूले उत्पादन गर्ने पेट्रोलियम पदार्थको गुणस्तर सम्बन्धी जानकारी उपभोक्तालाई उपलब्ध गराउने,

(ङ) कच्चा तेल तथा आफूले उत्पादन गरेको पेट्रोलियम पदार्थ अनुमतिपत्र प्राप्त कम्पनीसँग मात्र ढुवानी गराउने,

(च) गुणस्तरीय पेट्रोलियम पदार्थ उत्पादन गर्ने सम्बन्धमा विभागले तोकिदिएका अन्य शर्तहरु पालन गर्ने ।

## परिच्छेद - ३

## ग्यास कारोबार सम्बन्धी व्यवस्था

१०. **अनुमतिपत्र नलिई ग्यास कारोबार गर्न नहुने** : (१) यो आदेश प्रारम्भ भए पछि कसैले पनि अनुमतिपत्र नलिई ग्यास कारोबार गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो आदेश प्रारम्भ हुँदाका बखत ग्यास कारोबार गरिरहेको कम्पनीले यो आदेश प्रारम्भ भएको मितिले एक वर्षसम्म ग्यास कारोबार गर्न वा गराउन सक्नेछ र त्यस्तो कम्पनीले यो आदेश प्रारम्भ भएको मितिले एक वर्षभित्र अनुमतिपत्र लिइसक्नु पर्नेछ ।

११. **ग्यास कारोबार गर्न अनुमतिपत्र लिनु पर्ने** : (१) नेपालभित्र ग्यासको पैठारी, सञ्चय, ढुवानी तथा थोक विक्री गर्न चाहने वा नेपालमा पैठारी गरिएको ग्यास रिफिलिङ तथा बोटलिङ गर्ने ग्यास उद्योग सञ्चालन गर्न चाहने कम्पनीले अनुमतिपत्र लिनु पर्नेछ ।

(२) नेपालभित्र ग्यासको पैठारी, ढुवानी, सञ्चय तथा थोक विक्री गर्न चाहने कम्पनीले ग्यास कारोबार गर्ने अनुमतिपत्रका लागि दूईलाख पचासहजार रुपैयाँ निवेदन दस्तुर सहित देहाय बमोजिमको कागजात



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ। ११११२

संलग्न गरी अनुसूची - ५ बमोजिमको ढाँचामा विभाग समक्ष निवेदन दिनु पर्नेछ :-

(क) प्रचलित कानून बमोजिम कम्पनी संस्थापना भएको प्रमाण पत्र,प्रवन्धपत्र तथा नियमावली को प्रतिलिपि,

(ख) संयुक्त उपक्रममा कम्पनी संस्थापना भएको भए सो सम्बन्धी सम्झौताको प्रतिलिपि,

(ग) आफूले कारोबार गर्न चाहेको ग्यासको पैठारी, ढुवानी, सञ्चय तथा थोक विक्री सम्बन्धी विवरण, वार्षिक परिमाण तथा अन्य विवरण,

(घ) नेपालमा ग्यास पैठारी गर्ने नाका, ढुवानी गर्ने साधन तथा रुट,

(ङ) आफूले ग्यास कारोबार गर्न चाहेको क्षेत्र,

(च) कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, र

(छ) ग्यास कारोबार गर्न यो आदेश, प्रचलित कानून, मन्त्रालयले जारी गरेको निर्देशिका, समिति तथा विभागले दिएको आदेश तथा निर्देशन पालना गर्ने कबुलियतनामा ।

(३) नेपालमा पैठारी गरिएको ग्यास रिफिलिङ तथा बोटलिङ गर्ने ग्यास उद्योग सञ्चालन गर्न चाहने कम्पनीले अनुमतिपत्रको लागि एकलाख रुपैयाँ निवेदन दस्तुर सहित देहाय बमोजिमको कागजात संलग्न गरी अनुसूची - ५ बमोजिमको ढाँचामा विभाग समक्ष निवेदन दिनु पर्नेछ :-

(क) प्रचलित कानून बमोजिम कम्पनी संस्थापना भएको प्रमाण पत्र, प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि,

(ख) संयुक्त उपक्रममा कम्पनी संस्थापना भएको भए सो सम्बन्धी सम्झौताको प्रतिलिपि, ।

(ग) ग्यास रिफिलिङ तथा बोटलिङ गर्ने उद्योगको क्षमता,

(घ) उद्योग विभागमा उद्योग दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि,



११९३ अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) प्रचलित कानून बमोजिम वातारणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भीक वातावरण परीक्षण गरिएको कागजात,

(च) कर दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(छ) उद्योग स्थापना स्थलको चार किल्ला स्पष्ट खुलको लोकेशन प्लान र कित्ता नम्बर तथा क्षेत्रफल खुलेको सम्बन्धित नापी कार्यालयबाट प्रमाणित नक्सा,

(ज) उद्योग स्थापना भएको जग्गा उद्योग वा अनुमतिपत्र प्राप्त कम्पनीको नाममा भए सोको प्रमाण तथा लिजमा लिइएको भए कम्तीमा दश वर्षको करार सम्झौताको प्रतिलिपि,

(झ) ग्यास रिफिलिङ तथा बोटलिङ गर्न यो आदेश, प्रचलित कानून, समिति तथा विभागले दिएको आदेश तथा निर्देशन पालना गर्ने कबुलियतनामा ।

१२. **ग्यास कारोबार गर्ने अनुमतिपत्र दिने :** (१) दफा ११ बमोजिम निवेदन प्राप्त भएमा सो सम्बन्धमा जाँचबुझ गर्दा निवेदकलाई नेपालभित्र ग्यासको पैठारी, ढुवानी, सञ्चय तथा थोक विक्री गर्न वा ग्यास रिफिलिङ तथा बोटलिङ गर्ने उद्योग सञ्चालन गर्न अनुमति दिनु उपयुक्त हुने देखिएमा विभागले समितिको निर्देशनमा ग्यांस कारोवारको लागि पन्ध्र लाख रुपैया र रिफिलिङ तथा वोटलिङ ल्पान्टको अनुमति दिंन दशलाख रुपैयाँ दस्तुर लिई नब्बे दिनभित्र अनुमतिपत्र दिनेछ ।

(२) विभागले निवेदकलाई उपदफा (१) बमोजिम अनुमतिपत्र दिँदा आवश्यक शर्त तोकिदिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम निवेदकलाई अनुमतिपत्र दिँदा निवेदकले के कस्तो ग्यास कारोबार गर्न पाउने हो सो कुरा खुलाई विभागले अनुसूची - ६ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनेछ ।

(४) ग्यास कारोबार गर्ने अनुमतिपत्रको लागि विभागमा प्राप्त निवेदनका सम्बन्धमा जाँचबुझ गर्दा निवेदकलाई अनुमतिपत्र दिनु उपयुक्त हुने नदेखिएमा विभागले कारण खुलाई उपदफा (१) बमोजिमको अवधिभित्र निवेदकलाई लिखित जानकारी दिनु पर्नेछ ।

(५) ग्यास कारोबार रिफिलिङ तथा वोटलिङ गर्न चाहने कम्पनीले उपदफा (१) बमोजिम अनुमतिपत्र दिँदा दफा ३७ बमोजिम चुक्ता पूँजी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

कायम गरेको निस्सा तथा पाँच वर्षको ग्यास कारोबार सम्बन्धी व्यावसायिक योजना (बिजनेश प्लान) समेत संलग्न गर्नु पर्नेछ।

१३. <u>**अनुमतिपत्रको अवधि र नविकरण**</u> : (१) ग्यास कारोबार रिफिलिङ तथा वोटलिङ सम्बन्धी अनुमतिपत्रको अवधि **पाँच वर्ष**को हुनेछ।

तर,परिच्छेद-५ बमोजिमको पूर्वाधार तथा मापदण्ड पूरा नगर्ने कम्पनीको अनुमतिपत्र खारेज गरिनेछ।

(२) अनुमति पत्रको अवधि थप गर्न चाहने अनुमतिपत्र प्राप्त कम्पनीले उपदफा (१) बमोजिमको अवधि समाप्त हुनुभन्दा कम्तीमा पैंतीस दिन अगावै नविकरणको लागि विभाग समक्ष निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदनका सम्बन्धमा जाँचबुझ गर्दा अनुमतिपत्र नविकरण गर्नु उपयुक्त हुने देखिएमा विभागले ग्यास कारोवारको हकमा पन्ध्रलाख रुपैयाँ र रिफिलिङ तथा वोटलिङ उद्योगको हकमा दश लाख रुपैयाँ दस्तुर लिई अनुमतिपत्र पाँच वर्षको लागि नविकरण गरिदिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम जाँचबुझ गर्दा अनुमति पत्र नविकरण गर्न नसकिने देखिएमा विभागले सोको कारण सहितको जानकारी निवेदकलाई दिनु पर्नेछ।

१४. <u>**ग्यास कारोबार प्रारम्भ गर्न स्वीकृति लिनु पर्ने**</u> : (१) ग्यास कारोबार गर्ने अनुमतिपत्र प्राप्त कम्पनीले ग्यास कारोबार प्रारम्भ गर्नु अघि विभागबाट स्वीकृति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृति लिन अनुमतिपत्र प्राप्त कम्पनीले परिच्छेद - ५ बमोजिमको पूर्वाधार तथा मापदण्ड पूरा गरेको निस्सा सहित अनुसूची - ७ बमोजिमको ढाँचामा विभाग समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा विभागले प्राविधिक खटाई आवश्यक पूर्वाधार तथा मापदण्ड पूरा गरे वा नगरेको सम्बन्धमा स्थलगत निरीक्षण गराउनेछ।

(४) उपदफा (३) बमोजिम स्थलगत निरीक्षण गर्दा निवेदकले परिच्छेद - ५ बमोजिमको पूर्वाधार तथा मापदण्ड पूरा गरेको देखिएमा विभागले निवेदकहरुलाई रिफिलिङ तथा वोटलिङ उद्योगका लागि



...कता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पन्धलाख रुपैया र ग्यांस उद्योगको लागि निवेदकलाई तीसलाख रुपैयाँ रकम विभागको नाममा धरौटी जम्मा गर्न सात दिनको म्याद दिनेछ ।

(५) उपदफा (४) बमोजिमको रकम निवेदकले विभागको नाममा जम्मा गरेमा र निवेदकले दफा १५ बमोजिमको शर्त पालना गर्ने कबुलियतनामा पेश गरेमा सात दिनभित्र विभागले निवेदकलाई आवश्यक भए शर्त समेत तोकी ग्यास पैठारी, सञ्चय, ढुवानी तथा थोक विक्री वा ग्यास रिफिलिङ तथा बोटलिङ गर्ने उद्योग प्रारम्भ गर्न बिभागले समितिको निर्देशनमा अनुसूची - ८ बमोजिमको ढाँचामा स्वीकृतिपत्र दिनेछ ।

(६) निवेदकलाई कुनै कारणले उपदफा (५) बमोजिम कारोबार प्रारम्भ गर्न स्वीकृति दिन नसकिने भएमा विभागले सोको कारण सहितको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

१५. **ग्यास कारोबार गर्ने अनुमतिपत्र प्राप्त कम्पनीले पालना गर्नु पर्ने शर्तहरु** : (१) नेपालभित्र ग्यास पैठारी, ढुवानी, सञ्चय तथा थोक विक्री गर्न अनुमतिपत्र प्राप्त कम्पनीले ग्यास कारोबार गर्दा देहायका शर्तहरु पालन गर्नु पर्नेछ :-

(क) सम्बन्धित उत्पादक वा बिक्रेताबाट नेपाल गुणस्तर तथा नाप तौल विभागले तोकेको गुणस्तर अनुरुपको ग्यास भएको प्रमाणित गर्ने निस्सा लिएर ग्यास पैठारी, ढुवानी, सञ्चय वा बिक्री वितरण गर्ने,

(ख) नेपाल गुणस्तर तथा नापतौल विभागबाट सम्बन्धित नाकामै परीक्षण गराई स्वीकृत भएको ग्यास मात्र नेपाल पैठारी गर्ने,

(ग) ग्यास ढुवानी गर्ने अनुमतिपत्र प्राप्त कम्पनीले ग्यास ढुवानी गर्दा ढुवानी गर्ने साधनमा खण्ड (क) तथा (ख) बमोजिमको निस्सा राख्नु पर्ने,

(घ) ग्यासको पैठारी, ढुवानी, सञ्चय तथा बिक्री वितरण गर्दा अन्य अनुमतिपत्र प्राप्त कम्पनीको ग्याससँग मिसाएर गर्न नपाउने,

(ङ) ग्यास ढुवानी गर्ने अनुमतिपत्र प्राप्त कम्पनीबाट मात्र ग्यासको ढुवानी गराउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ। ११९८

(च) आफूले कारोबार गर्ने ग्यास, ग्यास ढुवानी गर्ने साधन तथा त्यसको सञ्चय भण्डारको बीमा गर्नु पर्ने,

(छ) ग्यास कारोबार सम्बन्धी कार्यमा संलग्न कर्मचारी तथा मजदूरको बीमा गर्नु पर्ने,

(ज) ग्यासको ढुवानी गर्ने अनुमतिपत्र प्राप्त कम्पनीले ग्यासको कारोबार गर्ने अनुमतिपत्र प्राप्त कम्पनीको वा सोसँग सम्बन्धित ग्यास मात्र ढुवानी गर्ने,

(झ) सुरक्षित रुपमा ग्यास कारोबार गर्ने समुचित सुरक्षा प्रबन्ध गर्नु पर्ने,

(ञ) उपभोक्तालाई ग्यासको गुणस्तर सम्बन्धी जानकारी डिपो तथा डिलर वा खुद्रा बिक्री स्थलमा उपलब्ध गराउने आवश्यक व्यवस्था मिलाउने,

(ट) ग्यासको गुणस्तरीयता, ग्यास कारोबारमा संलग्न कामदारको सुरक्षा तथा उपभोक्तालाई सर्वसुलभ रुपमा गुणस्तरीय ग्यास उपलब्ध गराउने सम्बन्धमा विभागले तोकिदिएका अन्य शर्तहरु पालन गर्ने ।

(२) ग्यास रिफिलिङ तथा बोटलिङ गर्ने उद्योग सञ्चालन गर्ने अनुमतिपत्र प्राप्त कम्पनीले ग्यास रिफिलिङ तथा बोटलिङ उद्योग सञ्चालन गर्दा देहायका शर्तहरु पालन गर्नु पर्नेछ :-

(क) नेपाल गुणस्तर तथा नापतौल विभागले तोकेको गुणस्तर अनुरुपको ग्यास रिफिलिङ तथा बोटलिङ गर्ने,

(ख) आफूले ग्यास रिफिलिङ तथा बोटलिङ गर्दा अन्य अनुमतिपत्र प्राप्त कम्पनीसँग मिसाएर गर्न नपाउने,

(ग) ग्यास रिफिलिङ तथा बोटलिङ गर्ने उद्योग, आफूले प्रयोग गर्ने ग्यास, आफूले रफिलिङ तथा बोटलिङ गरेको ग्यास सञ्चय भण्डारको बीमा गर्नु पर्ने,

(घ) आफूले रफिलिङ तथा बोटलिङ गरेको ग्यासको गुणस्तर सम्बन्धी जानकारी उपभोक्तालाई उपलब्ध गराउने,

(ङ) आफूले प्रयोग गर्ने ग्यास ग्यास ढुवानी अनुमतिपत्र प्राप्त कम्पनीबाट मात्र ढुवानी गराउने,



११५६ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) नेपाल सरकारबाट जारी भएको आदेश, मन्त्रालयले जारी गरको निर्देशिका बमोजिम नीलो तथा रातो ग्यास सिलिण्डरमा ग्यास रिफिलिङ तथा बोटलिङ गर्नु पर्ने,

(छ) सुरक्षित तथा गुणस्तरीय रुपमा ग्यास रिफिलिङ तथा बोटलिङ गर्ने सम्बन्धमा विभागले तोकिदिएका अन्य शर्तहरु पालन गर्ने ।

परिच्छेद - ४

## पेट्रोलियम कारोबार सम्बन्धी पूर्वाधार तथा मापदण्ड

१६. **पेट्रोलियम कारोबारको लागि तयार गर्नु पर्ने पूर्वाधार** : (१) नेपालभित्र पेट्रोलियम पदार्थको पैठारी, ढुवानी, सञ्चय तथा थोक बिक्री गर्ने अनुमतिपत्र प्राप्त कम्पनीले कारोबार गर्ने स्वीकृतिपत्र प्राप्त गरेको मितिले दुई वर्षभित्र देहाय बमोजिमका पूर्वाधार तयार गर्नु पर्नेछ :-

(क) कम्तीमा बीसहजार किलो लिटर पेट्रोलियम पदार्थ मौज्दात रहन सक्ने गरी कम्तीमा एउटा सञ्चय भण्डार स्थापना गर्नु पर्ने,

(ख) एकभन्दा बढी प्रकारको पेट्रोलियम पदार्थ कारोबार गर्ने अनुमतिपत्र प्राप्त कम्पनीले प्रत्येक प्रकारको पेट्रोलियम पदार्थको सञ्चयका लागि खण्ड (क) बमोजिमको सञ्चय भण्डारको स्थापना गर्नु पर्ने,

(ग) पेट्रोलियम सञ्चय भण्डारको मापदण्ड परिच्छेद - ६ बमोजिमको हुनु पर्ने,

(घ) पेट्रोलियम पदार्थको ढुवानी नगर्ने अनुमतिपत्र प्राप्त कम्पनीले पेट्रोलियम पदार्थको ढुवानी गर्न अनुमतिपत्र प्राप्त कम्पनीसँग सम्झौता गरेको हुनु पर्ने,

(ङ) पेट्रोलियम पदार्थको ढुवानी गर्ने अनुमतिपत्र प्राप्त कम्पनीले पेट्रोलियम पदार्थको ढुवानी गर्दा दफा १७ बमोजिमको मापदण्ड अनुरुपको ढुवानी गर्ने साधनको प्रयोग गर्नु पर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ। १११८

(च) पेट्रोलियम पदार्थको ढुवानी गर्ने अनुमतिपत्र प्राप्त कम्पनीसँग कम्तीमा तीनवटा पेट्रोलियम पदार्थ ढुवानी गर्ने साधन हुनु पर्ने,

(छ) पेट्रोलियम पदार्थको बिक्री वितरणको लागि आवश्यक व्यापारिक सञ्जाल (कमर्सियल नेटवर्क) को व्यवस्था हुनु पर्ने,

(२) कच्चा तेल प्रशोधन (रीफाइन) गर्ने उद्योग सञ्चालन गर्ने अनुमतिपत्र प्राप्त कम्पनीले कारोबार गर्न स्वीकृतिपत्र प्राप्त गरेको तीन वर्षभित्र देहाय बमोजिमको पूर्वाधार तयार गर्नु पर्नेछ :-

(क) कम्तीमा असीहजार मेट्रीक टन कच्चा तेल मौज्दात रहन सक्ने गरी कम्तीमा एउटा सञ्चय भण्डार स्थापना गर्नु पर्ने,

(ख) कम्तीमा बीसहजार किलो लिटर पेट्रोलियम पदार्थ मौज्दात रहन सक्ने गरी सञ्चय भण्डार स्थापना गर्नु पर्ने,

(ग) पेट्रोलियम सञ्चय भण्डारको मापदण्ड परिच्छेद - ६ बमोजिमको हुनु पर्ने,

(घ) आफूले पेट्रोलियम पदार्थको बिक्री वितरण समेत गर्ने भएमा आवश्यक व्यापारिक सञ्जाल (क्रमर्सियल नेटवर्क) को व्यवस्था हुनु पर्ने,

(ङ) कच्चा तेल तथा आफूले उत्पादन गरेको पेट्रोलियम पदार्थको ढुवानीका लागि अनुमतिपत्र प्राप्त कम्पनीसँग सम्झौता गरेको हुनु पर्ने,

(च) कच्चा तेल प्रशोधन (रीफाइन) गर्ने उद्योगमा विभागले तोकिदिए बमोजिमको प्राकृतिक तथा सामाजिक वातावरण, अग्नि सूरक्षा, स्वास्थ्य सम्बन्धी सुविधा तथा उद्योगबाट निस्कने फोहरको समुचित व्यवस्थापन गर्नु पर्ने,

(छ) कच्चा तेल प्रशोधन (रीफाइन) गर्ने उद्योगको सुरक्षाको लागि विभागले तोकिदिए बमोजिमको सुरक्षा उपकरणको व्यवस्था गर्नु पर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१११५

(३) पेट्रोलियम कारोबार गर्ने अनुमतिपत्र प्राप्त कम्पनीले उपदफा (१) वा (२) बमोजिमको पूर्वाधार तयार गरी सोको विवरण विभागलाई दिनु पर्नेछ ।

(४) उपदफा (१) तथा (२) बमोजिमको अवधिभित्र अनुमतिपत्र प्राप्त कम्पनीले सो उपदफामा उल्लिखित पूर्वाधार तयार गर्न नसकेमा सो को कारण खुलाई अवधि थपको लागि विभाग समक्ष निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन प्राप्त भएमा र जाँचबुझ गर्दा निवेदकले उल्लेख गरेको कारण मनासिव देखिएमा विभागले उपदफा (१) तथा (२) बमोजिमको पूर्वाधार तयार गर्न पचास प्रतिशत थप दस्तुर लिई एक बर्ष सम्मको अवधि थप गरिदिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम थप गरिएको अवधि भित्र पनि पूर्वाधार तयार नगर्ने कम्पनीको अनुमतिपत्र खारेज गरिनेछ ।

१७. **पेट्रोलियम पदार्थको ढुवानी गर्ने साधनले पूरा गर्नु पर्ने मापदण्ड** : (१) पेट्रोलियम पदार्थको ढुवानी गर्ने साधनले पूरा गर्नु पर्ने मापदण्ड देहाय बमोजिम हुनेछ :-

(क) त्यस्तो साधनको चेसिस बनेको वर्षलाई छोडेर गणना गर्दा पन्ध्र वर्षभन्दा पुरानो मोडेलको हुनु नहुने,

(ख) ढुवानीको साधनमा एक्स्प्लोसिभ लाइसेन्स हुनु पर्ने,

(ग) ढुवानीको साधन निर्माण गर्न प्रयोग हुने धातु तथा सोमा गरिने सबै वायरिङ अग्नि निरोधक (फायर प्रुफ) हुनु पर्ने,

(घ) ढुवानीको साधन मन्त्रालयले जारी गरेको निर्देशिका बमोजिम बनाएको हुनु पर्ने,

(ङ) ढुवानीको साधनमा मन्त्रालयले जारी गरेको निर्देशिका बमोजिमका पूर्वाधारको व्यवस्था हुनु पर्ने,

(च) ढुवानीको साधनमा अग्नि नियन्त्रणका लागि दश के.जी. क्षमताको कम्तीमा दुई वटा अग्नि नियन्त्रक (फायर एक्टिङ्गग्यूसर) हुनु पर्ने,

(छ) ढुवानीको साधनले क्यालिब्रेशन प्रमाणपत्र प्राप्त गरेको हुनु पर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(ञ) ढुवानीको साधन प्रत्येक वर्ष विभागले गर्ने उपयुक्तता सम्बन्धी परीक्षण (फिटनेस टेस्ट) मा सफल हुनु पर्ने,

(झ) ढुवानीको साधन सञ्चालन गर्न प्रचलित कानून बमोजिम रोड परमीट प्राप्त गरेको हुनु पर्ने,

(ञ) ढुवानीको साधनमा विभागले तोकिदिए बमोजिम रङ रोगन लगाउनु पर्ने,

(ट) १२ के. एल. भन्दा बढी क्षमताको ढुवानीको साधन प्रयोग गर्ने भएमा यातायात व्यवस्था विभागबाट स्वीकृति प्राप्त गरेको हुनु पर्ने ।

(२) पेट्रोलियम पदार्थ ढुवानी गर्ने अनुमतिपत्र प्राप्त कम्पनीले पेट्रोलियम पदार्थ ढुवानी गर्दा कुनै प्रकारको दुर्घटना हुन नदिन ढुवानी गर्ने साधनको नियमित मर्मत सम्भार तथा परीक्षण गर्ने, आगोजन्य वस्तुको प्रयोग गर्न नदिने लगायतका आवश्यक सतर्कता अपनाउनु पर्नेछ ।

१८. **कच्चा तेलको प्रशोधन (रीफाइन) उद्योगले पूरा गर्नु पर्ने मापदण्ड** : पैठारी गरेको कच्चा तेलको प्रशोधन (रीफाइन) गर्ने उद्योगले देहायका मापदण्डहरु पूरा गर्नु पर्नेछ :-

(क) उद्योग शहर वा घनावस्तीबाट कम्तीमा दश किलो मिटरको दुरीमा स्थापना गर्नु पर्ने,

(ख) उद्योगले फोहोर मैला व्यवस्थापन तथा वातावरण संरक्षणका लागि प्रचलित कानून बमोजिमका मापदण्डहरु पूरा पर्ने,

(ग) नेपाल गुणस्तर तथा नाप तौल विभागले तोकेको गुणस्तरमा दैनिक कम्तीमा विभागले तोकिदिए बमोजिमको परिमाणमा प्रशोधन (रीफाइन) गरी पेट्रोलियम पदार्थ उत्पादन गर्न सक्ने क्षमता हुनु पर्ने,

(घ) उद्योगमा कार्यरत कर्मचारी तथा कामदारहरुको बीमा गर्नु पर्ने,

(ङ) गुणस्तरीय पेट्रोलियम पदार्थ उत्पादन तथा उद्योग एवम् सोमा कार्यरत कर्मचारी तथा कामदारहरुको सुरक्षाको लागि विभागले तोकिदिएका मापदण्डहरु पूरा गर्नु पर्ने ।



११२१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद - ५

**ग्यास कारोबार सम्बन्धी पूर्वाधार तथा मापदण्ड**

१९. **ग्यास कारोबारको लागि तयार गर्नु पर्ने पूर्वाधार** : (१) नेपालभित्र ग्यासको पैठारी, ढुवानी, सञ्चय तथा थोक बिक्री सम्बन्धी कारोबार गर्न स्वीकृतिपत्र प्राप्त गरेको दुई बर्ष भित्र देहाय बमोजिमका पूर्वाधार तयार गर्नु पर्नेछ :-

(क) कम्तीमा पाँच हजार मेट्रीक टन ग्यास मौज्दात रहन सक्ने गरी कम्तीमा एउटा सञ्चय भण्डार स्थापना गर्नु पर्ने,

(ख) ग्यास सञ्चय भण्डारको मापदण्ड परिच्छेद -६ बमोजिमको हुनु पर्ने,

(ग) ग्यासको ढुवानीका लागि अनुमतिपत्र प्राप्त कम्पनीसँग सम्झौता गरेको हुनु पर्ने,

(घ) ग्यासको ढुवानी गर्ने अनुमतिपत्र प्राप्त कम्पनीले ग्यास ढुवानी गर्दा दफा २० बमोजिमको मापदण्ड अनुरुपको ढुवानी गर्ने साधनको प्रयोग गर्नु पर्ने,

(ङ) ग्यासको ढुवानी गर्ने अनुमतिपत्र प्राप्त कम्पनीसँग आवश्यक संख्यामा ग्यास ढुवानी गर्ने साधन हुनु पर्ने,

(च) ग्यास बिक्री वितरणको लागि आवश्यक व्यापारिक सञ्जाल (कमर्सियल नेटवर्क) को व्यवस्था हुनु पर्ने ।

(२) ग्यास रिफिलिङ तथा बोटलिङ गर्ने उद्योग सञ्चालन गर्न अनुमतिपत्र प्राप्त कम्पनीले कारोबार गर्न स्वीकृतिपत्र प्राप्त गरेको दुई वर्षभित्र देहाय बमोजिमको पूर्वाधार तयार गर्नु पर्नेछ :-

(क) कम्तीमा पाँचसय मेट्रीक टन ग्यास मौज्दात रहन सक्ने गरी कम्तीमा एउटा सञ्चय भण्डार स्थापना गर्नु पर्ने,

(ख) कम्तीमा बीसहजार सिलिण्डर राख्न सकिने गरी कम्तीमा एउटा ग्यास सिलिण्डर सञ्चय भण्डार स्थापना गर्नु पर्ने,

(ग) खण्ड (क) बमोजिमको सञ्चय भण्डारको मापदण्ड परिच्छेद -६ बमोजिमको हुनु पर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(घ) आफूले ग्यासको बिक्री वितरण समेत गर्ने भएमा आवश्यक व्यापारिक सञ्जाल (कमर्सियल नेटवर्क) को व्यवस्था हुनु पर्ने,

(ङ) ग्यासको ढुवानीका लागिं अनुमतिपत्र प्राप्त कम्पनीसँग सम्झौता गरेको हुनु पर्ने,

(च) उद्योगमा विभागले तोकिदिए बमोजिमको प्राकृति तथा सामाजिक वातावरण, अग्नि सूरक्षा, स्वास्थ्य सम्बन्धी सुविधा तथा उद्योगबाट निस्कने फोहरको समुचित व्यवस्थापन गर्नु पर्ने,

(छ) उद्योगको सुरक्षाका लागि विभागले तोकिदिए बमोजिमको सुरक्षा उपकरणको व्यवस्था गर्नु पर्ने ।

(३) ग्यास रिफिलिङ्ग तथा बोटलीङ्ग गर्ने अनुमतिपत्र प्राप्त कम्पनीले उपदफा (१) वा (२) बमोजिमको पूर्वाधार तयार गरी सोको विवरण विभागलाई दिनु पर्नेछ ।

(४) उपदफा (१) तथा (२) बमोजिमको अवधिभित्र अनुमतिपत्र प्राप्त कम्पनीले सो उपदफामा उल्लिखित पूर्वाधार तयार गर्न नसकेमा सो को कारण खुलाई अवधि थपको लागि विभाग समक्ष निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन प्राप्त भएमा र जाँचबुझ गर्दा निवेदकले उल्लेख गरेको कारण मनासिव देखिएमा विभागले उपदफा (१) तथा (२) बमोजिमको पूर्वाधार तयार गर्न पचास प्रतिशत थप दस्तुर लिई एक बर्ष सम्मको अवधि थप गरिदिन सक्नेछ ।

(६) उपदफा (५) कमोजिम थप गरिएको अवधि भित्र पनि पूर्वाधार तयार नगर्ने कम्पनीको अनुमतिपत्र खारेज गरिनेछ ।

२०. <u>ग्यासको ढुवानी गर्ने साधनले पूरा गर्नु पर्ने मापदण्ड</u> : (१) ग्यास ढुवानी गर्ने साधनले पूरा गर्नु पर्ने मापदण्ड देहाय बमोजिम हुनेछ :-

(क) त्यस्तो साधनको चेसिस बनेको साललाई छोडेर गणना गर्दा पन्ध्र वर्ष भन्दा पुरानो मोडेलको हुनु नहुने,

(ख) ढुवानीको साधनमा एक्स्प्लोसिभ लाइसेन्स हुनु पर्ने,



११२३ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) ढुवानीको साधन निर्माण गर्न प्रयोग हुने धातु तथा सोमा गरिने सबै वायरिङ अग्नि निरोधक (फायर प्रुफ) हुनु पर्ने,

(घ) ढुवानीको साधन मन्त्रालयले जारी गरेको निर्देशिका बमोजिम बनाएको हुनु पर्ने,

(ङ) ढुवानीको साधनमा मन्त्रालयले जारी गरेको निर्देशिका बमोजिमको पूर्वाधारको व्यवस्था हुनु पर्ने,

(च) ढुवानीको साधनमा अग्नि नियन्त्रणका लागि दश के.जी. क्षमताको कम्तीमा दुइवटा अग्नि नियन्त्रक (फायर एक्टिङ्ग्यूसर) हुनु पर्ने,

(छ) ढुवानीको साधनले क्यालिब्रेशन प्रमाणपत्र प्राप्त गरेको हुनु पर्ने,

(ज) ढुवानीको साधन प्रत्येक वर्ष विभागले गर्ने उपयुक्तता सम्बन्धी परीक्षण (फिटनेस टेस्ट) मा सफल हुनु पर्ने,

(झ) ढुवानीको साधन सञ्चालन गर्न प्रचलित कानून बमोजिम रोड परमीट प्राप्त गरेको हुनु पर्ने,

(ञ) ढुवानीको साधनमा विभागले तोकिदिए बमोजिम रङ रोगन लगाउनु पर्ने,

(ट) बाह्र के. एल. भन्दा बढी क्षमताको ढुवानीको साधन प्रयोग गर्ने भएमा यातायात व्यवस्था विभागबाट स्वीकृति प्राप्त गरेको हुनु पर्ने,

(२) ग्यास ढुवानी गर्ने अनुमतिपत्र प्राप्त कम्पनीले ग्यास ढुवानी गर्दा कुनै प्रकारको दुर्घटना हुन नदिन ढुवानी गर्ने साधनको नियमित मर्मत सम्भार तथा परीक्षण गर्ने, आगोजन्य वस्तुको प्रयोग गर्न नदिने लगायतका आवश्यक सतर्कता अपनाउनु पर्नेछ ।

२१. <u>ग्यास रिफिलिङ तथा बोटलिङ गर्ने उद्योगले पूरा गर्नु पर्ने मापदण्ड</u> : (१) ग्यास रिफिलिङ तथा बोटलिङ गर्ने उद्योगले देहायका मापदण्डहरु पूरा गर्नु पर्नेछ :-

(क) उद्योग शहर वा घनावस्तीबाट कम्तीमा पाँच किलो मिटरको दुरीमा स्थापना गर्नु पर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(ख) उद्योगले फोहोर मैला व्यवस्थापन तथा वातावरण संरक्षणका लागि प्रचलित कानून बमोजिमका मापदण्डहरु पूरा पर्ने,

(ग) ग्यास सिलिण्डर भण्डारण गर्न पाँचसय मेट्रीक टन क्षमताको सञ्चय भण्डार स्थापना गर्नु पर्ने,

(घ) उद्योगमा स्वचालित ग्यास रिफिल प्रविधि जडान गर्नु पर्ने,

(ङ) ग्यास उद्योगको क्षमता दैनिक (२५० मेट्रीक टन / १४.२ के.जी) परिमाणमा ग्यास भरण गर्न सक्ने हुनु पर्ने,

(च) विभागले तोकिदिएको तौल, आकार, रङ्ग र गुणस्तरका सिलिण्डर प्रयोग गर्नु पर्ने,

(छ) विभागले तोकिदिएको संख्याको ग्यास सिलिण्डरको व्यवस्था गर्नु पर्ने,

(ज) ग्यास सिलिण्डरमा विभागले तोकिदिएको परिमाणको ग्यास भर्नु पर्ने,

(झ) उद्योग तथा उद्योगमा कार्यरत कर्मचारी तथा कामदारहरुको बीमा गर्नु पर्ने,

(ञ) गुणस्तरीय ग्यास तथा उद्योग एवम् सोमा कार्यरत कर्मचारी तथा कामदारहरुको सुरक्षाको लागि विभागले तोकिदिएका मापदण्डहरु पूरा गर्नु पर्ने ।

(२) ग्यास रिफिलिङ तथा बोटलिङ गर्ने उद्योगले ग्यास सिलिण्डरमा ग्यास भर्ने प्रकृया, ग्यास सिलिण्डरको सुरक्षाका लागि गर्नु पर्ने कार्य तथा अपनाउनु पर्ने सावधानी तथा अन्य कुराहरु मन्त्रालयले जारी गरेको निर्देशिका बमोजिम हुनेछ ।

## परिच्छेद - ६

## सञ्चय भण्डार सम्बन्धी मापदण्ड

२२. **पेट्रोलियम पदार्थको सञ्चय भण्डार सम्बन्धी मापदण्ड** : यो आदेश प्रारम्भ भएपछि अनुमतिपत्र प्राप्त कम्पनीले पेट्रोलियम पदार्थको सञ्चय भण्डार स्थापना गर्दा देहायको मापदण्ड पूरा गर्नु पर्नेछ :-



११२२ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) सञ्चय भण्डार शहरबजार, घनाबस्ती, सर्वसाधारण भेला वा जमघट हुने स्थान, विद्यालय, अस्पताल, चलचित्र घर, पानीको मुहान, ईंटा भट्टा, हाट बजार आदिबाट कम्तीमा पाँच किलो मिटरको दूरीमा स्थापना गर्नु पर्ने,

(ख) नेपाल स्ट्याण्डर्ड नतोकिएसम्म सञ्चय भण्डार इण्डियन स्ट्याण्डर्ड (आई. एम.), ब्रिटिस स्ट्याण्डर्ड (बि.एम.) वा अमेरिकन स्ट्याण्डर्ड (ए. एस .टि. एम) मा उल्लिखित मापदण्ड अनुरुपको हुने पर्ने,

(ग) सञ्चय भण्डार बाहिरी पर्खाल (बाउण्ड्री वाल) देखि कम्तीमा पच्चीस मिटर भित्र हुनु पर्ने,

(घ) आगजनी सुरक्षित क्षेत्र (फायर सेफ्टी जोन) बनाई सो भित्र सञ्चय भण्डारण राख्नु पर्ने,

(ङ) पेट्रोलियम पदार्थ भण्डारण ट्याङ्की घेर्ने छुट्टै पर्खाल (ट्याङ्की इन्क्लोजर वाल) समेत बनाउनु पर्ने,

(च) पेट्रोलियम पदार्थ भण्डारण गर्ने ट्याङ्की निर्माणको लागि चाहिने स्टिल प्लेट, पाइप लाइन, गेट भल्भ, प्रेसर रिलिज भल्भ, आवश्यक पम्प गर्ने संयन्त्र र उपकरणहरु आगो निरोधक (फायर प्रूफ वा स्पार्क फि) हुनु पर्ने,

(छ) सञ्चय भण्डारको स्थापना गर्दा फोहोरमैला व्यवस्थापन सम्बन्धी कानून तथा वातावरण संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिमका मापदण्डहरु पूरा पर्ने,

(ज) पेट्रोलियम पदार्थ भण्डारण गर्न तथा भण्डारबाट पेट्रोलियम पदार्थ वा ग्यास झिक्न बाटो सहितका पूर्वाधारहरुको व्यवस्था गर्नु पर्ने,

(झ) सञ्चय भण्डारमा कार्यरत कर्मचारी तथा कामदारहरुको बीमा गर्नु पर्ने,

(ञ) विभागले तोकिदिए बमोजिम सञ्चय भण्डारमा वा सञ्चय भण्डारबाट पेट्रोलियम पदार्थ ट्याङ्कलरी (कन्टेनर) मा राख्नु (लोड) गर्नु पर्ने र झिक्नु (अनलोड) गर्नु पर्ने,

(ट) विभागले तोकिदिए बमोजिमका सुरक्षा उपकरण तथा सुरक्षा सम्बन्धी व्यवस्था गर्नु पर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ११२८

२३. **ग्यासको सञ्चय भण्डार सम्बन्धी मापदण्ड** : यो आदेश प्रारम्भ भएपछि अनुमतिपत्र प्राप्त कम्पनीले ग्यासको सञ्चय भण्डार स्थापना गर्दा देहायको मापदण्ड पूरा गर्नु पर्नेछ :-

(क) सञ्चय भण्डार शहरबजार, घनाबस्ती, सर्वसाधारण भेला वा जमघट हुने स्थान, विद्यालय, अस्पताल, चलचित्र घर, पानीको मुहान, ईंटा भट्टा, हाट बजारबाट आदि कम्तीमा पाँच किलो मिटरको दूरीमा स्थापना गर्नु पर्ने,

(ख) नेपाल स्ट्याण्डर्ड नतोकिएसम्म सञ्चय भण्डार इण्डियन स्ट्याण्डर्ड (आई. एम.), ब्रिटिस स्ट्याण्डर्ड (बि.एम.) वा अमेरिकन स्ट्याण्डर्ड (ए. एस .टि. एम) मा उल्लिखित मापदण्ड अनुरुपको हुने पर्ने,

(ग) सञ्चय भण्डार बाहिरी पर्खाल (बाउण्ड्री वाल) देखि कम्तीमा अस्सी फिट भित्र हुनु पर्ने,

(घ) आगजनी सुरक्षित क्षेत्र (फायर सेफ्टी जोन) बनाई सो भित्र सञ्चय भण्डारण राख्नु पर्ने,

(ङ) भण्डारण ट्याङ्की घेर्ने छुट्टै पर्खाल (ट्याङ्की इन्क्लोजर वाल) समेत बनाउनु पर्ने,

(च) भण्डारण गर्ने ट्याङ्की निर्माणको लागि चाहिने स्टिल प्लेट, पाइप लाइन, गेट भल्भ, प्रेसर रिलिज भल्भ, आवश्यक पम्प गर्ने संयन्त्र र उपकरणहरु आगो निरोधक (फायर प्रुफ वा स्पार्क फ्रि) हुनु पर्ने,

(छ) सञ्चय भण्डार स्थापना गर्दा वातावरण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी प्रचलित कानून बमोजिमका मापदण्डहरु पूरा गर्नुपर्ने,

(ज) ग्यास भण्डारण गर्न तथा भण्डारबाट ग्यास झिक्न बाटो सहितका पूर्वाधारहरुको व्यवस्था गर्नु पर्ने,

(झ) सञ्चय भण्डारमा कार्यरत कर्मचारी तथा कामदारहरुको बीमा गर्नु पर्ने,

(ञ) विभागले तोकिदिए बमोजिम सञ्चय भण्डारमा वा सञ्चय भण्डारबाट ग्यास ट्याङ्कलरी (कन्टेनर) मा राख्नु (लोड) गर्नु पर्ने र झिक्नु (अनलोड) गर्नु पर्ने,



११२६ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ट) भण्डारणमा कम्तीमा बीस प्रतिशत ग्यांस मौज्दात हुनुपर्ने,

(ठ) ढुवानीका साधन कम्तीमा तीन वटा भएको हुनु पर्ने,

(ड) सव डिलर नियुक्त गर्न नपाइने,

(ढ) ग्यासआयात गर्ने सम्बन्धी प्रत्याभूतिको संझौता पत्र हुनु पर्ने

(ण) विभागले तोकिदिए बमोजिमका सुरक्षा उपकरण तथा सुरक्षा सम्बन्धी व्यवस्था गर्नु पर्ने ।

परिच्छेद - ७

**पेट्रोलियम पदार्थ तथा ग्यासको खुद्रा बिक्री वितरण**

२४. **पेट्रोलियम पदार्थ तथा ग्यासको खुद्रा बिक्री वितरण** : अनुमतिपत्र प्राप्त कम्पनीले पेट्रोलियम पदार्थ वा ग्यासको खुद्रा बिक्री वितरण आफैले बिंक्री डिपो स्थापना गरी वा डिलर वा बिक्रेता वा खुद्रा बिक्रेता मार्फत गर्न वा गराउन सक्नेछ ।

२५. **पेट्रोलियम पदार्थ वा ग्यासको मूल्य निर्धारण** : (१) अनुमतिपत्र प्राप्त कम्पनीले दफा ३५ बमोजिमको समितिले निर्धारण गरेको न्यूनतम तथा अधिकतम मूल्यको अधिनमा रही पेट्रोलियम पदार्थ वा ग्यासको खरीद, ढुवानी, भण्डारण, रिफाइन, रिफिलिङ खर्च तथा प्रशासनिक खर्चका आधारमा पेट्रोलियम पदार्थ तथा ग्यासको थोक वा खुद्रा मूल्य निर्धारण गर्नु पर्नेछ ।

(२) अनुमतिपत्र प्राप्त कम्पनीले उपदफा (१) बमोजिम मूल्य निर्धारण गर्दा मुलुकको भौगोलिक क्षेत्रको आधारमा फरक फरक हुने गरी निर्धारण गर्न सक्नेछ ।

(३) अनुमतिपत्र प्राप्त कम्पनीले यो दफा बमोजिम निर्धारण गरेको वा मूल्य परिवर्तन गरेको जानकारी सोही दिन र सोही दिन सम्भव नभएमा भोलीपल्ट विभागलाई गराउनु पर्नेछ ।

२६. **डिलर वा बिक्रेताको नियुक्ति** : (१) अनुमतिपत्र प्राप्त कम्पनीले पेट्रोलियम पदार्थ वा ग्यासको बिक्री वितरण गर्न डिपो स्थापना गर्न वा कुनै व्यक्ति वा संस्थालाई डिलर वा बिक्रेता नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम डिपो स्थापना गर्नु वा डिलर वा बिक्रेता नियुक्त गर्नु अघि अनुमतिपत्र प्राप्त कम्पनीले विभागको पूर्वस्वीकृति लिन पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ११२८

(३) उपदफा (१) बमोजिम डिपो स्थापना गरेमा वा डिलर वा बिक्रेता नियुक्त गरे वा हटाएमा सोको आवश्यक विवरण सहितको जानकारी अनुमतिपत्र प्राप्त कम्पनीले तुरुन्त विभागलाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम विवरण दिइसकेपछि त्यस्तो विवरणमा कुनै किसिमको परिवर्तन भएमा अनुमतिपत्र प्राप्त कम्पनीले सोको जानकारी सात दिनभित्र विभागलाई दिनु पर्नेछ ।

(५) अनुमतिपत्र प्राप्त कम्पनीले आफू अन्तर्गतका डिपो वा बिक्रेताले यो आदेश, मन्त्रालयले जारी गरेको निर्देशिका तथा समितिबाट जारी भएको निर्देशन तथा प्रचलित कानून बमोजिम पेट्रोलियम पदार्थ बिक्री वितरण गरे वा नगरेको सम्बन्धमा आफ्ना कर्मचारी वा कामदारबाट नियमित रुपमा निरीक्षण गर्ने व्यवस्था मिलाउनु पर्नेछ र सोको प्रतिवेदन विभाग समक्ष पेश गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम विभाग समक्ष पेश गर्नु पर्ने प्रतिवेदनको ढाँचा विभागले तोकिदिए बमोजिम हुनेछ ।

२७. **डिपो, डिलर वा बिक्रेताको कर्तव्य** : (१) डिपो, डिलर वा बिक्रेताको कर्तव्य देहाय बमोजिम हुनेछ :-

(क) पेट्रोलियम पदार्थ वा ग्यासको खुद्रा बिक्री वितरण व्यवस्थित र पारदर्शी रुपमा गर्ने,

(ख) पेट्रोलियम पदार्थ वा ग्यास सिलिण्डर सुरक्षित रुपमा राख्ने तथा सुरक्षित रुपमा बिक्री वितरण गर्ने,

(ग) सुरक्षा उपकरण, अग्नि नियन्त्रण तथा सुरक्षाको उचित व्यवस्था गर्नु पर्ने,

(घ) स्पष्ट बुझिने गरी पेट्रोलियम पदार्थ वा ग्यासको मूल्य सूची राख्ने,

(ङ) समिति र विभागले दिएको निर्देशनहरु पालना गर्ने ।

(२) पेट्रोलियम पदार्थ वा ग्यासको खुद्रा बिक्री वितरण स्थलको मापदण्ड तथा तत्सम्बन्धी अन्य व्यवस्था मन्त्रालयले जारी गरेको निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ ।



११२९ अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद - ८

## अनुगमन, निरीक्षण, जाँचबुझ, खानतलासी तथा नूमना परीक्षण सम्बन्धी व्यवस्था

२८. **पेट्रोलियम कारोबार वा ग्यास कारोबारको निरीक्षण, जाँचबुझ तथा खानतलासी** : (१) विभागले पेट्रोलियम कारोबार वा ग्यास कारोबार तथा खुद्रा बिक्री वितरणलाई व्यवस्थित, नियन्त्रित तथा नियमित गर्ने सम्बन्धमा विभागले आवश्यकता अनुसार देहायको कुनै कार्य गर्न सक्नेछ :-

(क) पेट्रोलियम पदार्थ वा ग्यासको बिक्री वितरणमा स्वच्छ प्रतिस्पर्धा प्रवर्द्धन गर्ने सम्बन्धमा कार्य योजना बनाई कार्यान्वयन गर्ने,

(ख) अनुमतिपत्र प्राप्त कम्पनी वा डिपो, डिलर वा बिक्रेताले प्रचलित कानून बमोजिम निर्धारण गरिएको भन्दा बढी मूल्य लिएको देखिएमा तत्काल रोक्ने,

(ग) पेट्रोलियम पदार्थ वा ग्यासको कृत्रिम वा अनुपयुक्त तवरले अभाव सृजना गर्ने किसिमका अनुचित व्यापारिक कृयाकलापलाई नियन्त्रण गर्ने,

(घ) कुनै खास अवधिका लागि कुनै ठाउँबाट पेट्रोलियम पदार्थ वा ग्यास ढुवानी गर्न नदिने, कुनै ठाउँमा पेट्रोलियम पदार्थ वा ग्यासको सञ्चय गर्न नदिने वा कुनै खास ठाउँमा मात्र पेट्रोलियम पदार्थ वा ग्यासको सञ्चय वा बिक्री वितरण गर्न लगाउने,

(ङ) एक बिक्री स्थलबाट एक मात्र कम्पनीको पेट्रोलियम पदार्थ बिक्री गर्न लगाउने

(च) अनुमतिपत्र प्राप्त कम्पनी वा डिपो, डिलर वा बिक्रेतालाई आफूले गरेको कारोबार तथा खुद्रा बिक्री वितरणको अभिलेख राख्न लगाउने र त्यस्तो अभिलेख निरीक्षण गरी वा सोको प्रतिलिपि लिने,

(छ) कसैले पेट्रोलियम पदार्थ वा ग्यास लुकाएमा वा कृत्रिम अभाव खडा गर्ने उद्देश्यले आफ्नो व्यापारिक क्षमताभन्दा कम बिक्री वितरण गरेको पाइएमा वा





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गुणस्तरहीन पेट्रोलियम पदार्थ वा ग्यास बिक्री वितरण गरेको पाइएमा वा उल्लिखित कार्यहरु भएको शंका गर्नु पर्ने मनासिब आधार भएमा त्यस्तो डिपो, डिलर, घर, ढुवानीका साधन, सञ्चय भण्डार, गोदाम आदिमा प्रवेश गर्न वा टैंकलरी समेतमा अनुगमन, निरीक्षण, जाँचबुझ वा खानतलासी लिने,

(ज) खण्ड (छ) बमोजिम अनुगमन, निरीक्षण, जाँचबुझ वा खानतलासी लिँदा कसैले ऐन र यस आदेशको बर्खिलाप कुनै कार्य गरेको देखिएमा प्रचलित कानून बमोजिम सरकारी वकिलको राय लिई मुद्दा दायर गर्ने,

(झ) खण्ड (छ) बमोजिम अनुगमन, निरीक्षण, जाँचबुझ वा खानतलासी लिँदा कसैले प्रचलित कानून बमोजिम सजाय हुने कुनै कार्य गरेको देखिएमा सम्बन्धित निकायमा लेखी पठाउने।

(२) नेपाल गुणस्तर तथा नापतौल विभागले पेट्रोलियम पदार्थ तथा ग्यासको नाप तौल, गुणस्तर, पेट्रोलियम पदार्थ तथा ग्यास सञ्चय भण्डार, ढुवानीका साधन, सुरक्षा उपाय तथा आगलागीका नियन्त्रणका लागि अपनाउनु पर्ने मापदण्डका सम्बन्धमा नियमति रुपमा अनुगमन गर्नेछ।

२९. **अनुगमन, निरीक्षण, जाँचबुझ वा खानतलासी सम्बन्धी कार्यविधि** : (१) कुनै ठाउँमा यो आदेश विपरीत पेट्रोलियम कारोबार वा ग्यासको कारोबार वा खुद्रा बिक्री वितरण भइरहेको छ भन्ने विश्वास हुने मनासिव माफिकको कारण भएमा वा सो विषयमा कुनै उजुरी परेमा वा जानकारी प्राप्त हुन आएमा विभागले आफ्नो अधिकृत मार्फत त्यस्तो ठाउँमा अनुगमन, निरीक्षण, जाँचबुझ वा खानतलासी लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन, निरीक्षण, जाँचबुझ वा खानतलासीको लागि कसैको घर कम्पाउण्डमा प्रवेश गर्दा निरीक्षण, जाँचबुझ वा खानतलासी गर्ने सूचना र त्यसरी खानतलासी गर्दा कुनै सामान वरामद भएमा वरामदी मुचुल्का गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निरीक्षण, जाँचबुझ वा खानतलासी गर्ने सूचनाको ढाँचा अनुसूची- ९ बमोजिम हुनेछ।



११३१ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपदफा (१) बमोजिम खानतलासी गर्दा कुनै चीज वस्तु वा प्रमाण बरामद गर्नु परेमा अनुसूची- १० बमोजिमको ढाँचामा बरामदी मुचुल्का खडा गर्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम खानतलासी गर्दा बरामद भएको नगद, जिन्सी वा अन्य कुनै मालसामान आफूसँग लानु परेमा सम्बन्धित अधिकृतले त्यस्तो मालसामान बुझेको भर्पाइ तयार गरी त्यस्तो पेट्रोलियम पदार्थ वा ग्यास वा कम्पनीको धनी वा मालसामान जिम्मा लिने व्यक्तिलाई दिनु पर्नेछ र निज फेला नपरेमा वा फेला परे पनि निजले भरपाई बुझ्न नमानेमा त्यस्तो भरपाई स्थानीय निकायका प्रतिनिधिलाई जिम्मा दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम स्थानीय निकायको प्रतिनिधि फेला नपरेमा बरामद गरिएको स्थानमा त्यस्तो भरपाई टाँस गरी बरामदी मुचुल्कामा सो व्यहोरा जनाउनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम भरपाई टाँस गरे पछि सम्बन्धित व्यक्तिले रीतपूर्वक भरपाई बुझेको मानिनेछ ।

(८) उपदफा (१) बमोजिम निरीक्षण, जाँचबुझ वा खानतलासी गर्ने क्रममा स्थानीय प्रशासन तथा प्रहरी समक्ष सहयोग माग गरेमा त्यस्तो सहयोग तुरुन्त उपलब्ध गराउनु स्थानीय प्रशासन तथा प्रहरीको कर्तव्य हुनेछ ।

(९) यस दफा बमोजिम निरीक्षण, जाँचबुझ वा खानतलासी गरेकोमा सम्बधित अधिकृतले सो सम्बन्धी प्रतिवेदन सात दिनभित्र बिभाग र समिति समक्ष पेश गर्नु पर्नेछ ।

३०. <u>पेट्रोलियम पदार्थ वा ग्यासको नमूना सङ्कलन तथा परीक्षण</u> : (१) अनुमतिपत्र प्राप्त कम्पनी वा डिपो, डिलर वा बिक्रेताले मिसावट गरी वा अन्य कुनै तरिकाले गुणस्तरहिन पेट्रोलियम पदार्थ वा ग्यासको कारोबार वा बिक्री वितरण गरेको कुरा विभाग आफैंले वा अन्य कसैको सूचनाको आधारमा जानकारी प्राप्त गरेमा विभागले तुरुन्त अधिकृत खटाई त्यस्तो व्यक्तिको टैंकलरी, सञ्चय भण्डार, उद्योग, गोदाम वा डिपो, डिलर वा बिक्रेताको भण्डारमा दफा २९ बमोजिम खानतलासी गरी सो टैंकलरी, सञ्चय भण्डार, गोदाम, डिपो, सिलिण्डर वा पेट्रोलियम पदार्थ वा ग्यास राखिएको जुनसुकै ठाउँबाट आवश्यक मात्रामा त्यस्तो पेट्रोलियम पदार्थ वा ग्यासको नमूना सङ्कलन गरी त्यस्तो टैंकलरी, सञ्चय भण्डार, गोदाम,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
११३२

डिपो वा पेट्रोलियम पदार्थ वा ग्यास राखिएको जुनसुकै ठाउँमा शिलबन्दी लाहाछाप लगाई त्यस्तो पेट्रोलियम पदार्थ वा ग्यासको बिक्री वितरण रोक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सङ्कलन गरेको नमूनालाई सम्बन्धित अधिकृतले तीन भाग लगाई छुट्टा छुट्टै भाँडोमा राख्ने गरी छुट्याई एक भागलाई परीक्षणको लागि कुनै भाँडोमा राखी आफ्नो हस्ताक्षर सहित शिलबन्दी लाहाछाप लगाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम नमूना सङ्कलन गर्दा सम्बन्धित अधिकृतले सम्भव भएसम्म अनुमतिपत्र प्राप्त कम्पनी, डिपो, डिलर वा बिक्रेता वा निजको प्रतिनिधि तथा अन्य व्यक्तिलाई रोहबरमा राख्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम छुट्याइएको नमूना मध्ये बाँकी दुई भाग छुट्टै भाँडोमा राखी सम्बन्धित अधिकृतले आफ्नो हस्ताक्षर गरी शिलबन्दी लाहाछाप लगाई सञ्चयको लागि एक भाग अनुमतिपत्र प्राप्त कम्पनी, डिलर वा बिक्रेता वा निजको प्रतिनिधि र बाँकी एक भाग विभागमा बुझाउनु पर्नेछ ।

(५) उपदफा (२) बमोजिम शिलबन्दी लाहाछाप लगाइएको भाँडोमा रहेको पेट्रोलियम पदार्थ वा ग्यासको नमूना परीक्षणको लागि विभागले प्रयोगशालामा पठाउनु पर्नेछ ।

**स्पष्टिकरण:** यस दफाको प्रयोजनको लागि "प्रयोगशाला" भन्नाले पेट्रोलियम पदार्थ वा ग्यासको गुणस्तर परीक्षण गर्न नेपाल सरकारले स्थापना गरेको वा विभागले मान्यता प्रदान गरेको कुनै प्रयोगशाला वा निकाय सम्झनु पर्छ ।

(६) उपदफा (५) बमोजिम नमूना प्राप्त भएमा प्रयोगशालाले नमूना परीक्षण तथा विश्लेषण गरी त्यस्तो पेट्रोलियम पदार्थ वा ग्यास निर्धारित गुणस्तर अनुरुपको भए वा नभएको वा मिसावट भए वा नभएको प्रतिवेदन विभाग समक्ष पेश गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम प्रयोगशालाले गुणस्तर परीक्षण गरी प्रतिवेदन दिँदा के कस्तो कारण र आधारमा पेट्रोलियम पदार्थ वा ग्यास निर्धारित गुणस्तर अनुरुप भए वा नभएको वा मिसावट भएको वा नभएको हो सो को कारण खुलाउनु पर्नेछ ।



1133

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) उपदफा (६) बमोजिमको प्रतिवेदनको विवरण विभागले सम्बन्धित अनुमतिपत्र प्राप्त कम्पनी, डिपो, डिलर वा बिक्रेतालाई दिनु पर्नेछ ।

(९) उपदफा (८) बमोजिमको विवरणमा चित्त नबुझ्ने अनुमतिपत्र प्राप्त कम्पनी, डिपो, डिलर वा बिक्रेताले त्यसको विवरण प्राप्त गरेको सात दिनभित्र उपदफा (४) बमोजिम आफूसँग रहेको नमूना तोकिए बमोजिम पुन: परीक्षण गराउन विभाग समक्ष अनुरोध गर्न सक्नेछ ।

(१०) उपदफा (९) बमोजिम गरिएको अनुरोध मनासिव देखिएमा विभागले आफूसँग भएको नमूना समेत राखी प्रयोगशाला मार्फत पुन: परीक्षण गराउन सक्नेछ ।

(११) उपदफा (१०) बमोजिम नमूना परीक्षण गराउँदा उपदफा (६) बमोजिम प्राप्त प्रतिवेदन भन्दा फरक प्रतिवेदन प्राप्त भएमा विभागले नमूना परीक्षणका लागि एक विशेषज्ञ नियुक्त गरी पुन: परीक्षण गराउनेछ ।

(१२) उपदफा (११) बमोजिमको परीक्षणबाट प्राप्त प्रतिवेदन अन्तिम हुनेछ ।

३१. **गुणस्तर सुधार गर्न निर्देशन दिन सक्ने** : (१) अनुमतिपत्र प्राप्त कम्पनी, डिपो, डिलर वा बिक्रेताले कारोबार वा बिक्री वितरण गरेको पेट्रोलियम पदार्थ वा ग्यास गुणस्तरहिन वा मिसावटयुक्त भएको देखिएमा र त्यस्तो पेट्रोलियम पदार्थ वा ग्यासको गुणस्तर सुधार हुन सक्ने देखिएमा विभागले बढीमा तीस दिनको समय दिई त्यस्तो पेट्रोलियम पदार्थ वा ग्यासको गुणस्तर सुधार गर्न सम्बन्धित अनुमतिपत्र प्राप्त कम्पनीलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्देशन दिएमा सोही बमोजिम अनुमतिपत्र प्राप्त कम्पनीले पेट्रोलियम पदार्थ वा ग्यासको गुणस्तर सुधार गर्नु पर्नेछ ।

३२. **गुणस्तरहीन पेट्रोलियम पदार्थ वा ग्यास नष्ट गर्नु पर्ने** : (१) गुणस्तरहीन देखिएको पेट्रोलियम पदार्थ वा ग्यासको गुणस्तर सुधार हुन नसक्ने देखिएमा वा गुणस्तर सुधार गरी बिक्री वितरण गर्न उपयुक्त हुने नदेखिएमा वा दफा ३१ बमोजिम गुणस्तर सुधार गर्न निर्देशन दिएकोमा सो अवधिभित्र अनुमतिपत्र प्राप्त कम्पनीले गुणस्तर सुधार नगरेमा वा गर्न



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ। ११३५

नसकेमा विभागले त्यस्तो पेट्रोलियम पदार्थ वा ग्यास वातावरणमा प्रतिकूल असर नपर्ने गरी नष्ट गर्न आदेश दिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अनुमतिपत्र प्राप्त कम्पनीले गुणस्तरहीन पेट्रोलियम पदार्थ वा ग्यास पैठारी गरिएको स्थानमा नै फिर्ता पठाउन चाहेमा विभागले त्यस्तो पेट्रोलियम पदार्थ वा ग्यास पैठारी गरिएको स्थानमा फिर्ता लैजाने स्वीकृति दिन सक्नेछ।

(३) उपदफा (१) बमोजिम आदेश दिएकोमा अनुमतिपत्र प्राप्त कम्पनीले गुणस्तरहीन पेट्रोलियम पदार्थ वा ग्यास नष्ट नगरेमा विभागले गुणस्तरहीन पेट्रोलियम पदार्थ वा ग्यास नष्ट गर्नेछ।

(४) उपदफा (३) बमोजिम विभागले गुणस्तरहीन पेट्रोलियम पदार्थ वा ग्यास नष्ट गर्नु परेकोमा त्यस्तो पेट्रोलियम पदार्थ वा ग्यास नष्ट गर्दा लागेको खर्च सम्बन्धित अनुमतिपत्र प्राप्त कम्पनीले व्यहोर्नु पर्नेछ।

## परिच्छेद - ९

## अनुमतिपत्र स्थगन, निलम्बन तथा रद्द सम्बन्धी व्यवस्था

३३. **स्थगन वा निलम्बन गर्न सक्ने** : (१) कुनै अनुमतिपत्र प्राप्त कम्पनीले ऐन, यो आदेश वा मन्त्रालयले जारी गरेको निर्देशिका वा समितिको निर्देशन विपरीत कुनै काम गरेमा विभागले त्यस्तो अनुमतिपत्र प्राप्त कम्पनीको अनुमतिपत्र स्थगन गर्न तथा त्यस्तो कम्पनीले गरेको कमजोरी सच्याउन आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र अनुमतिपत्र प्राप्त कम्पनीले आफ्नो कमजोरी नसच्याएमा वा ऐन, यो आदेश वा मन्त्रालयले जारी गरेको निर्देशिकाको गम्भीर उल्लंघन गरेमा विभागले त्यस्तो कम्पनीको अनुमतिपत्र निलम्वन गर्न सक्नेछ। यसरी गरेको स्थगन वा निलम्वनको जानकारी तुरुन्तै समितिलाई दिनु पर्नेछ।

(३) विभागले उपदफा (१) बमोजिम अनुमतिपत्र स्थगन गर्दा पन्ध्र दिनभन्दा बढी हुने गरी तथा उपदफा (२) बमोजिम निलम्बन गर्दा तीन महिनाभन्दा बढी हुने गरी गर्ने छैन।

(४) उपदफा (१) वा (२) बमोजिमको अवधिभित्र आफ्नो कमजोरी सच्याएमा विभागले त्यस्तो अनुमतिपत्र प्राप्त कम्पनीको अनुमतिपत्रको स्थगन वा निलम्वन फुकुवा गर्नेछ।



११३७ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उपदफा (१) बमोजिम अनुमतिपत्र स्थगन भएको वा उपदफा (२) बमोजिम निलम्वन भएकोमा सो अवधिभर अनुमतिपत्र प्राप्त कम्पनीले पेट्रोलियम कारोबार वा ग्यास कारोबार गर्न पाउने छैन ।

३४. **अनुमतिपत्र रद्द गर्न सक्ने** : (१) विभागले देहायको अवस्थामा अनुमतिपत्र प्राप्त कम्पनीको अनुमतिपत्र रद्द गर्नेछ :-

(क) दफा ७ वा १३ बमोजिम अनुमतिपत्र नविकरण नगराएमा,

(ख) दफा १६ वा १९ बमोजिमको अवधिभित्र अनुमतिपत्र प्राप्त कम्पनीले पेट्रोलियम कारोबार वा ग्यास कारोबारको लागि पूर्वाधार तथा मापदण्ड पूरा नगरेमा,

(ग) झूठो विवरण पेश गरी अनुमतिपत्र प्राप्त गरेको देखिएमा,

(घ) दफा ३१ बमोजिम गुणस्तर सुधार गर्न दिइएको निर्देशनको अवधिभित्र अनुमतिपत्र प्राप्त कम्पनीले पेट्रोलियम पदार्थ वा ग्यासको गुणस्तर सुधार नगरेमा,

(ङ) अनुमतिपत्र प्राप्त कम्पनीको अनुमतिपत्र तीन पटकसम्म निलम्बन भएमा,वा

(च) अनुमतिपत्र प्राप्त कम्पनीले ऐन बमोजिम बुझाउनु पर्ने जरिवाना नबुझाएमा ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र रद्द गर्नु अघि विभागले सम्बन्धित अनुमतिपत्र प्राप्त कम्पनीलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

परिच्छेद - १०

## व्यवस्थापन तथा नियमन सम्बन्धी व्यवस्था

३५. **व्यवस्थापन तथा नियमन समिति** : (१) पेट्रोलियम पदार्थ तथा ग्यासको न्यूनतम तथा अधिकतम थोक मूल्य निर्धारण गर्न तथा पेट्रोलियम पदार्थ तथा ग्यासको पैठारी, सञ्चय, बिक्री वितरण एवं सर्वसुलभ रुपमा आपूर्तिका सम्बन्धमा व्यवस्थापन तथा नियमन गर्न र अन्य नीतिगत विषयमा निर्णय गर्न र सल्लाह दिन देहाय बमोजिमको एक व्यवस्थापन तथा नियमन समिति रहनेछ :-

(क) सचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय - अध्यक्ष

(ख) सहसचिव, अर्थ मन्त्रालय - सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। १५३६

(ग) सहसचिव, कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालय - सदस्य

(घ) डीन, इन्जिनियरिङ अध्ययन संस्थान, त्रि.वि.वि. - सदस्य

(ङ) अध्यक्ष वा उपाध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ - सदस्य

(च) स्नातकोत्तर तह उपाधि हासिल गरी पेट्रोलियम पदार्थसँग सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव हासिल गरेका नेपाली नागरिक मध्येबाट मन्त्रालयले तोकेको व्यक्ति - सदस्य

(छ) महानिर्देशक, विभाग - सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (च) बमोजिम नियुक्त सदस्यको कार्यकाल तीन बर्षको हुनेछ र निज पुन: नियुक्तको लागि योग्य हुनेछ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकतानुसारका विज्ञहरुलाई आमन्त्रित गर्न सकिनेछ।

(४) उपदफा (१) बमोजिमको समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

(५) उपदफा (१) बमोजिमको समितिले बैठकको कार्यविधि आफै तय गर्नेछ।

(६) उपदफा (१) बमोजिमको समितिका सदस्यले बैठकमा भाग लिए बापत नेपाल सरकाले तोके बमोजिमको बैठक भत्ता पाउनेछन्।

(७) उपदफा (१) बमोजिमको समितिले पेट्रोलियम कारोवारको अनुगमन तथा नियमन गर्ने सम्बन्धमा मन्त्रालयको कुनै अधिकृत कर्मचारी तथा विभागलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(८) उपदफा (७) बमोजिमको निर्देशनको पालना गरी आवश्यक काम कारवाही गर्नु सम्बन्धित अधिकारी वा निकायको कर्तव्य हुनेछ।



११३६
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३६. **समितिको काम, कर्तव्य र अधिकार:** यस आदेशमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त अनुगमन तथा नियमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) पेट्रोलियम पदार्थ तथा ग्यासको आपूर्ति तथा बजार व्यवस्थापनका लागि अवलम्बन गर्नु पर्ने नीति, योजना र कार्यक्रम तय गरी कार्यान्वयन गर्ने वा गराउने,

(ख) पेट्रोलियम पदार्थ तथा ग्यासको कारोबारसँग सम्बन्धित विषयमा नयाँ अनुमति दिने विषय, सुरक्षा मापदण्ड र प्राविधिक मापदण्ड तयार गर्ने विषयमा विभागलाई निर्देशन दिने,

(ग) मुलुकभित्र खपत हुने पेट्रोलियम पदार्थ तथा ग्यासको माग र आपूर्ति स्थितिको आवश्यकता अनुसार विश्लेषण तथा समिक्षा गरी निजीक्षेत्रको सहभागिता कायम गर्ने,

(घ) पेट्रोलियम तथा ग्यास कारोबारलाई नियमित र व्यवस्थित गरी आवश्यक परिमाणमा मुलुकमा गुणस्तरीय पेट्रोलियम पदार्थ तथा ग्यासको आपूर्ति व्यवस्था मिलाउने,

(ङ) प्रतिस्पर्धात्मक बजार व्यवस्थापनको माध्यमबाट उचित मूल्यमा पेट्रोलियम पदार्थ तथा ग्यासको आपूर्ति व्यवस्थालाई नियमित, भरपर्दो र सर्वसुलभ बनाउने,

(च) प्रतिस्पर्धात्मक ढङ्गबाट पेट्रोलियम पदार्थ तथा ग्यासको उचित मूल्य कायम हुन सक्ने संयन्त्रको विकास गर्ने,

(छ) पेट्रोलियम पदार्थ तथा ग्यासको अन्तर्राष्ट्रिय मूल्य सूची सङ्कलन तथा विश्लेषण गरी पेट्रोलियम पदार्थ तथा ग्यासको कायम गर्नु पर्ने अधिकतम मूल्यको सीमा निर्धारण गरी सार्वजनिक गर्ने,

(ज) निर्धारित गुणस्तर बमोजिम पेट्रोलियम पदार्थ तथा ग्यासको आपूर्ति भए वा नभएको निरन्तर अनुगमन गर्ने वा गराउने,

(झ) पेट्रोलियम पदार्थ तथा ग्यासको कारोबार गर्दा प्रयोग गर्नु पर्ने साधन वा उपकरणको किसिम र भौतिक पूर्वाधारको मापदण्ड (नर्म्स) तोकिए अनुसारको भए नभएको अनुगमन गर्ने गराउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ११३८

(ञ) पेट्रोलियम पदार्थ तथा ग्यासको बजार व्यवस्थापनमा संलग्न सङ्गठित संस्थाहरु वीच स्वस्थ प्रतिस्पर्धा हुने व्यवस्था गर्ने,

(ट) पेट्रोलियम पदार्थ तथा ग्यासको बजार व्यवस्थापन र डिपो, डिलर तथा खुद्रा बिक्रेताको दायित्वलाई सुनिश्चित गर्न गराउन आबश्यक निर्देशन दिने,

(ठ) पेट्रोलियम पदार्थ तथा ग्यासको ढुवानी किफायती एवं सरल बनाउनका लागि पाइपलाइन बिछ्याउने लगायत अन्य माध्यमबाट ढुवानी गर्ने व्यवस्थाको लागि पहल गर्ने,

(ड) कच्चा तेलको प्रशोधन (रीफाइन) गर्ने उद्योगको लागि आवश्यक पर्ने पूर्वाधार तथा त्यस्ता उद्योगले पालना गर्नु पर्ने मापदण्ड तोक्ने वा तोक्न लगाउने,

(ढ) ग्यास उद्योग तथा रिफिलिङ प्लाण्टको लागि आवश्यक पर्ने पूर्वाधार तथा त्यस्ता उद्योग वा प्लाण्टले पालना गर्नु पर्ने मापदण्ड तोक्ने वा तोक्न लगाउने,

(ण) डिपो, डिलर तथा बिक्रेताको लागि आवश्यक पूर्वाधार तथ डिपो, डिलर तथा बिक्रेताले पालना गर्नु पर्ने मापदण्ड तोक्ने वा तोक्न लगाउने,

(त) पेट्रोलियम पदार्थ तथा ग्याँसको नियमित तथा सर्वसुलभ आपूर्ति तथा बजार व्यवस्थापनको लागि आवश्यक पहल गर्ने,

(थ) पेट्रोलियम पदार्थ तथा ग्याँसको नियमित तथा सर्वसुलभ आपूर्ति तथा बजार व्यवस्थापनको लागि अन्य आवश्यक कार्यहरु गर्ने वा गराउने ।

## परिच्छेद - ११

## विविध

३७. <u>चुक्ता पूँजी कायम गर्नु पर्ने</u> : (१) पेट्रोलियम कारोबार वा ग्यास कारोबार गर्न चाहने कम्पनीले देहाय बमोजिमको न्यूनतम पूँजी कायम गर्नु पर्नेछ :-

(क) कच्चा तेल प्रशोधन (रीफाइन) गर्ने कम्पनीले चुक्ता पूँजी बीस अर्ब रुपैयाँ,



११३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) खण्ड (क) मा उल्लिखित बाहेकको अन्य पेट्रोलियम कारोबार गर्ने कम्पनीले चुक्ता पूँजी दश अर्ब रुपैयाँ, र

(ग) ग्यासको आयात तथा आपूर्ति गर्ने कम्पनीको चुक्ता पूँजी पाँच अर्ब रुपैयाँ तथा रिफिलिङ गर्ने उद्योगको चुक्ता पूँजी पचास करोड रुपैयाँ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको पूर्ण स्वामित्व प्राप्त कम्पनीलाई यो व्यवस्था लागु हुने छैन।

३८. <u>प्रतीतपत्र खोल्नु पर्ने</u> : (१) पेट्रोलियम पदार्थ वा ग्यास पैठारी गर्न चाहने अनुमतिपत्र प्राप्त कम्पनीले पेट्रोलियम पदार्थ वा ग्यास पैठारी गर्नको लागि प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त बैंक वा वित्तीय संस्थामा प्रतीतपत्र खोल्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रतीतपत्र खोल्दा कुन किसिमको पेट्रोलियम पदार्थ वा ग्यास के कति परिमाणमा पैठारी गर्ने हो सो को विवरण, विभागबाट स्वीकृत स्पेशिफिकेशन तथा गुणस्तर समेत प्रतीतपत्रमा खुलाउनु पर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुमतिपत्र प्राप्त कम्पनीले निश्चित परिमाणमा कुनै खास किसिमको पेट्रोलियम पदार्थ वा ग्यास विभागको स्वीकृति लिई अन्य व्यापारिक अभ्यासबाट पनि पैठारी गर्न सक्नेछ।

(४) पेट्रोलियम पदार्थ वा ग्यास पैठारी गर्न अनुमतिपत्र प्राप्त कम्पनीले उपदफा (१) बमोजिम प्रतीतपत्र खोलेमा सोको जानकारी यथाशीघ्र विभागलाई दिनु पर्नेछ।

३९. <u>पेट्रोलियम कारोबार वा ग्यास कारोबारमा रोक लगाउन सक्ने</u> : (१) सर्वसाधारण जनताको सुविधा तथा सार्वजनिक हितको लागि कुनै विशेष परिस्थितिमा कुनै ठाउँमा पेट्रोलियम कारोबार वा ग्यास कारोबार वा बिक्री वितरणमा रोक लगाउन आवश्यक देखिएमा विभागको सिफारिशमा समितिले सूचना प्रकाशन गरी सो सूचनामा तोकिएको ठाउँमा सोही सूचनामा तोकिएको अवधिभरको लागि कुनै पेट्रोलियम कारोबार वा ग्यास कारोबार वा बिक्री वितरणमा रोक लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम रोक लगाइएकोमा सम्बन्धित अनुमतिपत्र प्राप्त कम्पनी, डिपो, डिलर, बिक्रेता वा सम्बन्धित व्यक्तिले सो सूचना बमोजिम गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ११२३

४०. **पेट्रोलियम कारोबार वा ग्यास कारोबारमा नियन्त्रण गर्न सक्ने** : यो आदेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आन्तरिक उपद्रव, बाह्य आक्रमण वा अन्य कुनै कारणबाट मुलुकभर वा कुनै भागमा शान्ति र सुव्यवस्थामा खलल पर्ने अवस्था परी पेट्रोलियम कारोबार वा ग्यास कारोबार वा सोको खुद्रा बिक्री वितरणमा मनासिव नियन्त्रण कायम राख्न आवश्यक देखेमा विभागको सिफारिशमा मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै खास अवधिका लागि पेट्रोलियम कारोबार वा ग्यासको कारोबार उपर आवश्यक नियन्त्रण गर्न सक्नेछ ।

४१. **सिलिण्डर रिफिल तथा बिक्री वितरण गर्न आदेश दिन सक्ने** : (१) कुनै ग्यास कारोबार गर्न अनुमतिपत्र प्राप्त कम्पनीको अनुमतिपत्र कुनै कारणले स्थगन, निलम्बन वा रद्द भएमा त्यस्तो अनुमतिपत्र प्राप्त कम्पनीले उत्पादन तथा बिक्री वितरण गर्ने ग्यास सिलिण्डरमा अन्य अनुमतिपत्र प्राप्त कम्पनीलाई ग्यास रिफिल गरी बिक्री वितरण गर्न गराउन विभागले आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश दिएमा सम्बन्धित अनुमतिपत्र प्राप्त कम्पनीले ग्यास सिलिण्डरमा ग्यास रिफिल गरी बिक्री वितरण गर्नु वा गराउनु पर्नेछ ।

४२. **विवरण पेश गर्नु पर्ने** : अनुमतिपत्र प्राप्त कम्पनीले चालू महिनाको देहायको विवरण सहितको प्रतिवेदन अर्को महीनाको पन्ध्र गतेभित्र विभाग समक्ष पेश गर्नु पर्नेछ :-

(क) पैठारी गरेको पेट्रोलियम पदार्थ वा ग्यासको किसिम, परिमाण, गुणस्तर र मूल्य,

(ख) कच्चा तेल प्रशोधन (रीफाइन) गर्ने उद्योगले प्रशोधन गरेको पेट्रोलियम पदार्थको किसिम, परिमाण र गुणस्तर,

(ग) ग्यास उद्योगले उत्पादन तथा रिफिल गरेको ग्यासको किसिम, परिमाण र गुणस्तर,

(घ) डिपो, डिलर वा बिक्रेता मार्फत बिक्री वितरण गरेको पेट्रोलियम पदार्थ वा ग्यासको किसिम, परिमाण र गुणस्तर,

(ङ) आफूसँग सञ्चित रहेको पेट्रोलियम पदार्थ वा ग्यासको किसिम, परिमाण र गुणस्तर ।



११४० आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४३. **पेट्रोलियम पदार्थ वा ग्यास निकासी गर्न नहुने** : अनुमतिपत्र प्राप्त कम्पनीले मन्त्रालयको पूर्व स्वीकृति विना पेट्रोलियम पदार्थ वा ग्यास निकासी गर्न हुँदैन ।

तर नेपालबाट विदेशी मुलुकको नजीकको पेट्रोलियम डिपोसम्म ढुवानीको साधन पुग्नको लागि आवश्यक पर्ने पेट्रोलियम पदार्थ त्यस्तो साधनमा राख्न सकिनेछ ।

४४. **सुरक्षा सम्बन्धी व्यवस्था** : (१) कुनै विशेष अवस्था सिर्जना भई पेट्रोलियम पदार्थ वा ग्यासको ढुवानी, सञ्चय वा भण्डार स्थल वा कच्चा तेल प्रशोधन (रीफाइन) उद्योग वा ग्यास उद्योग रहेको स्थानमा विशेष सुरक्षा गर्नु पर्ने भएमा वा सुरक्षित रुपमा पेट्रोलियम पदार्थ वा ग्यासको ढुवानी गर्नको लागि सम्बन्धित अनुमतिपत्र प्राप्त कम्पनीले स्थानीय प्रशासनसँग निश्चित अवधिको लागि सुरक्षा व्यवस्था माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षा माग गरेमा स्थानीय प्रशासनले सुरक्षाको आवश्यक व्यवस्था गरी दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सुरक्षा उपलब्ध गराउनु परेमा लाग्ने खर्च सम्बन्धित अनुमतिपत्र प्राप्त कम्पनीले व्यहोर्नु पर्नेछ ।

४५. **निर्देशन दिन सक्ने** : (१) समितिले पेट्रोलियम पदार्थ वा ग्यासको गुणस्तरीयता कायम राख्न, पेट्रोलियम कारोबार वा ग्यास कारोबारमा संलग्न कामदारको सुरक्षा गर्न तथा उपभोक्तालाई सर्वसुलभ रुपमा गुणस्तरीय ग्यास उपलब्ध गराउने सम्बन्धमा अनुमतिपत्र प्राप्त कम्पनी वा डिपो, डिलर तथा बिक्रेतालाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्देशनको पालना गर्नु सम्बन्धित अनुमतिपत्र प्राप्त कम्पनी वा डिपो, डिलर तथा बिक्रेताको कर्तव्य हुनेछ ।

४६. **निर्देशिका बनाई लागू गर्ने** : मन्त्रालयले पेट्रोलियम कारोबार तथा ग्यास कारोबारको सम्बन्धमा ऐन तथा यो आदेशको विपरीत नहुने गरी समितिसंग परामर्शगरी देहायको विषयमा निर्देशिका बनाई लागू गर्न सक्नेछ :-

(क) पेट्रोलियम पदार्थ तथा ग्यासको ढुवानी,

(ख) पेट्रोलियम पदार्थ तथा ग्यासको ढुवानी गर्ने साधनको डिजाइन, पूर्वाधार तथा मापदण्ड,

(ग) पेट्रोलियम पदार्थ तथा ग्यासको खुद्रा बिक्री वितरण गर्दा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पालना गर्नु पर्ने मापदण्ड,

(घ) पेट्रोलियम पदार्थ तथा ग्यासको खुद्रा बिक्री वितरण गर्ने डिपो खोल्ने वा डिलर तथा बिक्रेताको नियुक्ति गर्ने तथा हटाउने,

(ङ) ग्यास सिलिण्डरको रङ्ग, आकार तथा ग्यास सिलिण्डरमा ग्यास भर्ने प्रकृया, वा

(च) पेट्रोलियम पदार्थ वा ग्यासको गुणस्तरीयता कायम राख्न, पेट्रोलियम कारोबार वा ग्यास कारोबारमा संलग्न कामदारको सुरक्षा गर्न वा उपभोक्तालाई सर्वसुलभ रुपमा गुणस्तरीय पेट्रोलियम पदार्थ वा ग्यास उपलब्ध गराउने सम्बन्धमा आवश्यक अन्य विषय ।

४७. <u>अनुसूचीमा संशोधन</u> : मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनसूचीमा संशोधन वा हेरफेर गर्न सक्नेछ ।

४८. <u>खारेजी तथा बचाउ</u> : (१) खण्ड ५८, अतिरिक्ताङ्क ७, मिति २०६५।२।२७ गतेको नेपाल राजपत्र, भाग ३ मा प्रकाशित उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको सूचना अनुसार भए गरेका काम कारवाही यसै आदेश बमोजिम भए गरेको मानिनेछ ।



मुद्रण विभाग

१११४२ प्रामाणिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची - १

(दफा ५ को उपदफा (२) र (३) सँग सम्बन्धित)

(पेट्रोलियम कारोबार स्वीकृतिको लागि दिइने निवेदनको ढाँचा)

मितिः.....
.......

श्री वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग,
............................ ।

विषय : पेट्रोलियम कारोबार स्वीकृति सम्बन्धमा ।

पेट्रोलियम तथा ग्यास कारोबार (नियमन) आदेश, २०६९ तथा अन्य प्रचलित कानूनको अधीनमा रही पेट्रोलियम पदार्थको पैठारी /ढुवानी /सञ्चय / बिक्री वितरण / कच्चा तेल प्रशोधन गर्ने (रीफाइनरी) उद्योग सञ्चालन सम्बन्धी पेट्रोलियम कारोबार गर्ने अनुमतिपत्रको लागि निवेदन दस्तुर तथा आवश्यक विवरण तथा कागजात यसै साथ संलग्न गरी यो निवेदन पेश गरेका छौं ।

कम्पनीको कार्यकारी प्रमुखको

दस्तखत :

नाम :

निवेदकको:

नाम : ..........................

ठेगानाः ...................अञ्चल...................जिल्ला ......................... गा.वि.स./न.पा./म. न. पा.



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ११९८३

टोल.....................वडा नं.........ब्लक नं......... फोन नं:.................
फ्याक्स:............इमेल .................

प्रतिष्ठानको छाप:

संलग्न गरेका कागजातहरु :

१. .........................

२. ..............................

३. ............................

मुद्रण विभाग, सिंहदरबार



- ११४४ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची - २

(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

(पेट्रोलियम कारोबार अनुमतिपत्रको ढाँचा)

नेपाल सरकार

वाणिज्य तथा आपूर्ति मन्त्रालय

श्री वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग,

पेट्रोलियम कारोबार गर्ने अनुमतिपत्र

........................................मा कार्यालय रहेको श्री ...........................................................................लाई पेट्रोलियम तथा ग्यास कारोबार (नियमन) आदेश, २०६९ तथा अन्य प्रचलित कानून बमोजिम को अधीनमा रही पेट्रोलियम पदार्थको पैठारी /ढुवानी /सञ्चय / बिक्री वितरण / कच्चा तेल प्रशोधन गर्ने (रीफाइनरी) उद्योग सञ्चालन सम्बन्धी पेट्रोलियम कारोबार गर्न यो अनुमतिपत्र प्रदान गरिएको छ ।

नविकरण नगराएमा यो अनुमतिपत्र ..............सम्म बहाल रहनेछ ।

आधिकारिक दस्तखत :

नाम:

पद:

मिति:



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुमतिपत्रको नविकरण सम्बन्धी विवरण

| क्र.सं. | नविकरण गरिएको अवधि | दस्तखत | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची - ३

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

(पेट्रोलियम कारोबार प्रारम्भ गर्न दिइने निवेदनको ढाँचा)

मिति:.....
.......

श्री वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग,
............................. ।

बिषय : पेट्रोलियम कारोबार प्रारम्भ गर्ने स्वीकृति सम्बन्धमा ।

पेट्रोलियम पदार्थको पैठारी /ढुवानी /सञ्चय / बिक्री वितरण / कच्चा तेल प्रशोधन गर्ने (रीफाइनरी) उद्योग सञ्चालन सम्बन्धमा पेट्रोलियम तथा ग्यास कारोबार (नियमन) आदेश, २०६९ को परिच्छेद - ४ बमोजिमको पूर्वाधार तथा मापदण्ड तयार गरीसकेकोले पेट्रोलियम कारोबार गर्ने स्वीकृतिका लागि आवश्यक विवरण तथा कागजात यसै साथ संलग्न गरी यो निवेदन पेश गरेका छौं ।

कम्पनीको कार्यकारी प्रमुखको

दस्तखत:

नाम :

कम्पनीको छाप:

संलग्न गरेका कागजातहरु :

१. .........................

२. ............................

३. ............................



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११४६

अनुसूची - ४

(दफा ८ को उपदफा (५) सँग सम्बन्धित)

(पेट्रोलियम कारोबार प्रारम्भ गर्न दिइने स्वीकृतिपत्रको ढाँचा)

पेट्रोलियम कारोबार प्रारम्भ गर्न दिइएको स्वीकृतिपत्र

पेट्रोलियम कारोबार गर्न पेट्रोलियम तथा ग्यास कारोबार (नियमन) आदेश, २०६९ बमोजिमको पूर्वाधार तथा मापदण्ड तयार गरेको देखिएकोले निवेदक श्री ............................................................ लाई पेट्रोलियम पदार्थको पैठारी /ढुवानी /सञ्चय / बिक्री वितरण / कच्चा तेल प्रशोधन गर्ने (रीफाइनरी) सम्बन्धी पेट्रोलियम कारोबार प्रारम्भ गर्न यो स्वीकृतिपत्र दिइएको छ ।

पेट्रोलियम कारोबार गर्दा पेट्रोलियम तथा ग्यास कारोबार (नियमन) आदेश, २०६९ तथा अन्य प्रचलित कानून बमोजिम गर्नु होला ।

आधिकारिक दस्तखत:

नाम:

पद:

मिति:



११४८ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची - ५

(दफा ११ को उपदफा (२) र (३) सँग सम्बन्धित)

(ग्यास कारोबार अनुमतिपत्रको लागि दिइने निवेदनको ढाँचा)

मितिः.....

.......

श्री वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग,

............................।

बिषय : ग्यास कारोबार गर्ने अनुमतिपत्र सम्बन्धमा ।

पेट्रोलियम तथा ग्यास कारोबार (नियमन) आदेश, २०६९ तथा अन्य प्रचलित कानूनको अधीनमा रही ग्यासको पैठारी /ढुवानी /सञ्चय / बिक्री वितरण / ग्यास रिफिलिङ तथा बोटलिङ गर्ने ग्यास उद्योग सञ्चालन सम्बन्धी ग्यास कारोबार गर्ने अनुमतिपत्रको लागि निवेदन दस्तुर तथा आवश्यक विवरण तथा कागजात यसै साथ संलग्न गरी यो निवेदन पेश गरेका छौं ।

कम्पनीको कार्यकारी प्रमुखको

दस्तखतः

नाम :

निवेदकको:

नाम : .........................

ठेगानाः ...................अञ्चल...................जिल्ला ........................ गा. वि.स. /न.पा. /म. न. पा.

टोल...................वडा नं........ब्लक नं......... फोन नंः................

फ्याक्सः...........इमेल ................

कम्पनीको छापः

संलग्न गरेका कागजातहरु :

१. .........................

२. ............................

३. ............................



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

अनुसूची - ६

(दफा १२ को उपदफा (३) सँग सम्बन्धित)

(ग्यास कारोबार अनुमतिपत्रको ढाँचा)

नेपाल सरकार

वाणिज्य तथा आपूर्ति मन्त्रालय

श्री वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग,

ग्यास कारोबार गर्ने अनुमतिपत्र

........................................मा कार्यालय रहेको श्री ........................................... ...................लाई पेट्रोलियम तथा ग्यास कारोबार (नियमन) आदेश, २०६९ तथा अन्य प्रचलित कानून बमोजिम को अधीनमा रही ग्यासको पैठारी /ढुवानी /सञ्चय / बिक्री वितरण / ग्यास रिफिलिङ तथा बोटलिङ गर्ने ग्यास उद्योग सञ्चालन सम्बन्धी ग्यास कारोबार गर्न यो अनुमतिपत्र प्रदान गरिएको छ ।

नविकरण नगराएमा यो अनुमतिपत्र ............ सम्म बहाल रहनेछ ।

आधिकारिक दस्तखत :

नाम:

पद:

मिति:



११५०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुमतिपत्रको नविकरण सम्बन्धी विवरण

| क.सं. | नविकरण गरिएको अवधि | दस्तखत | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

११५१

अनुसूची - ७

(दफा १४ को उपदफा (२) सँग सम्बन्धित)

(ग्यास कारोबार प्रारम्भ गर्न दिइने निवेदनको ढाँचा)

मितिः.....
.......

श्री वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग,
............................ ।

विषय : ग्यास कारोबार प्रारम्भ गर्ने स्वीकृति सम्बन्धमा ।

पेट्रोलियम पदार्थको पैठारी /ढुवानी /सञ्चय / बिक्री वितरण / ग्यास रिफिलिङ तथा बोटलिङ गर्ने ग्यास उद्योग सञ्चालन सम्बन्धमा पेट्रोलियम तथा ग्यास कारोबार (नियमन) आदेश, २०६९ को परिच्छेद - ५ बमोजिमको पूर्वाधार तथा मापदण्ड तयार गरीसकेकोले ग्यास कारोबार गर्ने स्वीकृतिका लागि आवश्यक विवरण तथा कागजात यसै साथ संलग्न गरी यो निवेदन पेश गरेका छौं ।

कम्पनीको कार्यकारी प्रमुखको

दस्तखतः

नाम :

कम्पनीको छापः

संलग्न गरेका कागजातहरु :

१. ........................

२. ............................

३. ............................



११५२ अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग सिंहदरबार

अनुसूची - ८

(दफा १४ को उपदफा (५) सँग सम्बन्धित)

(पेट्रोलियम कारोबार प्रारम्भ गर्न दिइएको स्वीकृतिपत्रको ढाँचा)

ग्यास कारोबार प्रारम्भ गर्न दिइएको स्वीकृतिपत्र

ग्यास कारोबार गर्न पेट्रोलियम तथा ग्यास कारोबार (नियमन) आदेश, २०६९ बमोजिमको पूर्वाधार तथा मापदण्ड तयार गरेको देखिएकोले निवेदक श्री ............................................ ................. लाई ग्यासको पैठारी /ढुवानी /सञ्चय / बिक्री वितरण / ग्यास रिफिलिङ तथा बोटलिङ गर्ने ग्यास उद्योग सञ्चालनसम्बन्धी पेट्रोलियम कारोबार प्रारम्भ गर्न यो स्वीकृतिपत्र दिइएको छ ।

ग्यास कारोबार गर्दा पेट्रोलियम तथा ग्यास कारोबार (नियमन) आदेश, २०६९ तथा अन्य प्रचलित कानून बमोजिम गर्नु होला ।

आधिकारिक दस्तखत :

नामः

पदः

मितिः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

अनुसूची - ९

(दफा २९ को उपदफा (३) सँग सम्बन्धित)

(निरीक्षण, जाँचबुझ वा खानतलासी गर्ने सूचनाको ढाँचा)

निरीक्षण, जाँचबुझ वा खानतलासी गर्ने सूचना

श्री ..........................................

......................................................

वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागबाट तपाईंको पेट्रोलियम कारोबार / ग्यास कारोबार गरे वा नगरेको/ पेट्रोलियम / ग्यास खुद्रा बिक्री वितरण सम्बन्धमा खानतलासी गर्नु पर्ने भएकोले तपाईंको प्रतिष्ठान / डिपो / डिलर / बिक्रेता/घर/ जग्गा स्थान /सञ्चय भण्डार /ढुवानी साधन समेतको निरीक्षण, जाँचबुझ वा खानतलासी सम्बन्धी कार्यमा आवश्यक सहयोग पुऱ्याई दिनु हुन यो सूचना दिइएको छ ।

सम्बन्धित अधिकृतको,-

सही:-

नाम:-

दर्जा:-

मिति:-



मुद्रण विभाग
११५४ प्राधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची - १०
(दफा २९ को उपदफा (४) सँग सम्बन्धित)
(वरामदी मुचुल्काको ढाँचा)

वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागबाट .................... (फलाना ठाउँ) मा खडा गरेको प्रतिष्ठान / डिपो / डिलर / बिक्रेता/घर/ जग्गा स्थान /सञ्चय भण्डार /ढुवानी साधन/ जग्गा/ स्थान/ चीज/ वस्तु/मालसमामानको बरामदी मुचुल्का ।

१. उजूरी/छाननवीनको छोटकरी व्यहोरा :-

..........................................................................................................
..........................................................................................................
..........................................................................................................
..........................................................................................................
..........................................................................................................
..............................

२. खानतलासी गर्ने अधिकारी वा कर्मचारीको अग्रिम तलासी लिएको व्यहोरा :-

..........................................................................................................
..........................................................................................................
..........................................................................................................

३. चार किल्ला सहित खानतलासी गरिएको प्रतिष्ठान, घर, जग्गा, स्थान, ठाउँ, चीज, वस्तु वा मालसामानको विवरण:-

..........................................................................................................
..........................................................................................................
..........................................................................................................
..........................................................................................................

४. खानतलासी गर्दा बरामद भएको सामान र दसिको विवरण :-

..........................................................................................................
..........................................................................................................
..........................................................................................................
..........................................................................................................

५. देखे बमोजिम सही छाप गर्ने साक्षीहरुको नाम, थर, उमेर वतन र सही :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११२५

...........................................................................................

...........................................................................................

...........................................................

६. स्थानीय निकायका प्रतिनिधि (सम्भव भएसम्म)........................

७. रोहवरमा वस्नेहरुको नाम, थर, उमेर, वतन र सही :-

(क) वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागबाट खटिएको अधिकृतले मेरो प्रतिष्ठान, घर, चीज, वस्तु,मालसामान खानतलासी लिंदा आफ्नो तलासी दिई इज्जत साथ तलासी लिएको र घरको कुनै सामान हिनामिना भएको छैन भनी सही गर्ने ................... ठाउँ बस्ने घर वा चीज वस्तुको धनी ।

जिम्मेवार व्यक्ति ........................................

८. काम तामेल गर्न, खानतलासी वा वरामदी गर्न खटिएको अधिकृत :-

अन्य कर्मचारीहरु :-

९. मिति :-

समय :-

आज्ञाले,

**दीपक सुवेदी**

नेपाल सरकारको नि. सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. २०।–

गो.हु.द.नं. १६।०६२।६३

११५८६ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।